# लेखापरीक्षण प्रतिवेदन

## स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/473

श्रीमान् अध्यक्षज्यू,
स्वामिकार्तिक खापर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाजुरा।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/473

श्रीमान् अध्यक्षज्यू,

स्वामिकार्तिक खापर गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, बाजुरा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाँउपालिकाको आय र व्यय तर्फ रु. ८३ करोड २० लाख ५२ हजारको लेखापरीक्षणबाट रु. १ करोड ९० लाख ७३ हजार बेरुजू देखिएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. ४ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३३ लाख ९१ हजार, प्रमाण पेश गर्नुपर्ने रु. ४५ लाख ३० हजार र पेश्की बाँकी रू. ६ लाख ७८ हजार गरी जम्मा रु. १ करोड ९० लाख ७३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २५ करोड ६७ लाख ७८ हजार मध्ये रु. ८ लाख ९९ हजार सम्परीक्षण भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. २७ करोड ४९ लाख ५२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण

तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०१ | ६७ | १,९०,७३,६८१ | ० | ० | ० | ० | १०१ | ६७ | १,९०,७३,६८१ | ४,७४,१७८ | १,३३,९१,१९८ | ४५,२९,८०५ | ० | ० | १,७९,२१,००३ | ६,७८,५०० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाजुरा | २५,६७,७८,०७४ | 0 | ८,९९,०४० | २५,५८,७९,०३४ | 0 | १,९०,७३,६८१ | २७,४९,५२,७१५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १६ | स्थानीय भत्ता | ८,९९,०४० |
| जम्मा | | | | ८,९९,०४० |

# स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

# ( ८०७६९५०४३०० )

# स्वामीकार्तिक खापर गाउँपालिका , बाजुरा

# परिचय

१ **परिचय**

**(क) पालिकाको परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेका छन् भने क्षेत्रफल ११०.५० वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार १२७८४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१९ देखि २०८२।५।२१ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय-व्ययतर्फ गरी जम्मा रु. ८३ करोड २० लाख ५२ हजार ३७६.७ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची - १ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५,०६०।०० असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि. नं. | विवरण | रकम रू |
|---|---|---|
| १ | पारिश्रमिक कर | १७,२०० |
| 2 | वहाल कर | ७,८६० |
| जम्मा | | २५,०६०।०० |

**(झ) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक कारोबारको एकीकृत विवरण

आर्थिक वर्ष २०८१/८२

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | १३४४९२३०.८४ | चालु खर्च | | २५४६८५१०१. |
| १. संचित कोष | ६४१६४६२.४ | | १. पालिका तर्फ | ११०२६७६६४ | |
| २. धरौटी | ४७९२५४१ | | २. संघीय सशर्त | १२९४४५६६५ | |
| ३. विविध खर्च खात | ११२६५५.२२ | | ३. संघीय विशेष | ११९२१७७२ | |
| ४. स्थानीय तह विविध कोष खाता | २१२५९००.२२ | | ४. प्रदेश सशर्त | ५५०००० | |
| ५. स्थानीय तहप्रकोप व्यवस्थापन कोष खाता | १६७२ | | ५. प्रदेश विशेष | २५००००० | |
| यस वर्षको आय | | | पुँजीगत खर्च | | ८५६२३४१७ |
| १. आन्तरिक आय | ३५७८२६८ | ३५७८२६८. | १. पालिका तर्फ | ५२२९२४७७ | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ३०५५२८५९१.९२ | २. संघीय सशर्त | २०००००० | |
| क) समानीकरण अनुदान | ८०९३२३२० | | ३.संघीय विशेष | १३३७२१८ | |
| ख) राजस्व बाँडफाँट | ६६२१२७०८.९२ | | ४.संघीय समपुरक | ७३४६१७० | |
| ग) सशर्त अनुदान | १३७७०१५०० | | ५. प्रदेश सशर्त | ९१४५६४३ | |
| घ) समपुरक अनुदान | ७३४६१७० | | ६. प्रदेश विशेष | ११४६३४५ | |
| ङ) विशेष अनुदान | १३३३५८९३ | | ७. प्रदेश समपूरक | १२३५५५६४ | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ३५७७०२६९.५१ | ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ६१९२०१४० |
| क) समानीकरण अनुदान | ७६७३००० | | कसामाजिक सुरक्षा | ६०४०२१४० | |
| ख) राजस्व बाँडफाँट | ९७०८४८.५१ | | ख) विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम | १५१८०००. | |
| ग) सशर्त अनुदान | १०५५०००० | | ५. धरौटी फिर्ता | २४६७२६३. | २४६७२६३. |
| घ) समपुरक अनुदान | १२८५०००० | | ६. विविध खर्च खाता | ११०९९८. | ११०९९८. |
| ङ) विशेष अनुदान | ३७२६४२१ | | ७. स्थानीय तह विविध कोष खाता | ६६०३२८३. | ६६०३२८३. |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ६१९२०१४० | अनुदान फिर्ता | | ७७६१६०७. |
| क) सामाजिक सुरक्षा | ६०४०२१४० | | १. संघ तर्फ | | |
| ख) विद्यालय शिक्षा क्षेत्र योजनाकार्यक्रम | १५१८००० | | क) सशर्त अनुदान | ६२५५८३५. | |
| ५. धरौटी आय | ११४६५२८.९२ | ११४६५२८.९२ | ख) विशेष अनुदान | ७६९०३. | |
| ६. विविध खर्च खाता | २२६२३८.७८ | २२६२३८.७८ | २. प्रदेश तर्फ | | |
| ७. स्थानीय तह विविध कोष खाता | ४७१०५३०.६ | ४७१०५३०.६ | क) सशर्त अनुदान | ८५४३५७. | |
| | | | ख) विशेष | ८००७६. | |
| | | | ग) समपूरक | ४९४४३६. | |
| | | | अन्तिम मौज्दात | | ७१५७९८९.५७ |
| | | | १. संचित कोषको मौज्दात | ३२२३४६६.८३ | |
| | | | २. धरौटी | ३४७१८०६.९२ | |
| | | | ३. विविध खर्च खाता | २२७८९६. | |
| | | | ४. स्थानीय तह विविध कोष खाता | २३३१४७.८२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६७२ | |
| जम्मा | ४२६३२९७९८.५७ | ४२६३२९७९८.५७ | जम्मा | ४२६३२९७९८.५७ | ४२६३२९७९८.५७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

२.१ **वित्तीय विवरणको विश्लेषण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६ करोड ४ लाख २ हजार १४० र विद्यालय क्षेत्र योजना केन्द्र स्तर छात्रवृत्तिको रु. १५ लाख १८ हजार समेत गरी रु. ६ करोड १९ लाख २० हजार १४० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गत वर्षको म.ले.प.फा.नं. २७० अनुसार रु. १,३५,१८,२९१.०९ मौज्दात रहेकोमा यो वर्ष रु. १,३४,४९,२३०.८४ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६९,०६०.२५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,०६०.२५ |

२.३ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. २८,०६४।९८ देखाएको छ। एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,०६४.९८ |

२.४ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. ६ करोड १९ लाख २० हजार १४० र यस वर्षको भुक्तानी रु. ६ करोड १९ लाख २० हजार १४० रहेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १३४४९२३१ | ३५०९६०४२७.७३ | ३५७२५१६६९.० | ७१५७९९० |
| एकीकृत आर्थिक विवरणअनुसार | १३४४९२३१ | ४१२८८०५६७.७३ | ४१९१७१८०९.० | ७१५७९९० |
| फरक | ० | ६१९२०१४०.0 | ६१९२०१४०.0 | ० |

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान

समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | श्रेस्ता अनुसार अल्या (म.ले.प.फा.नं २७) | बैंक अनुसार अल्या | फरक रू. | स्रेस्ता अनुसार मौज्दात रु. (म.ले.प.फा.नं २७०) | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६४१६४६२.४ | ७१७३७५५.२८ | ७५७२९२.८८ | ३२२३४६६.८३ | ३२०९९४२.७१ | -१३५२४.१२ |
| विविध खर्च खाता | ११२६५५.२२ | १२२४२२. | ९७६६.७८ | २२७८९६. | २२९००५. | ११०९. |
| स्थानीय तह विविध कोष खाता | २१२५९००.२२ | ७५९१०.८२ | -२०४९९८९.४ | २३३१४७.८२ | १०१७९८६.६९ | ७८४८३८.८७ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६७२. | १६७२. | ०. | १६७२. | १६७२. | ०. |
| स्थानीय तह धरौटी खाता | ४७९२५४१. | ४८३४९६४. | ४२४२३. | ३४७१८०६.९२ | ३५१४२२९.९२ | ४२४२३. |
| जम्मा | १३४४९२३०.८४ | १२२०८७२४.१ | (१२४०५०६.७४) | ७१५७९८९.५७ | ७९७२८३६.३२ | ८१४८४६.७५ |

## ३ अनुदान तर्फ

३.१ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. ७७,६१,६०७।०० संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्त रकम | खर्चरकम | फिर्तागर्नुपर्ने | फिर्ताभएको |
|---|---|---|---|---|
| संघ शर्सत (चालु) | १३४७०१५००. | १२९४४५६६५. | ५२५५८३५. | ५२५५८३५. |
| संघ शर्सत (पुँजिगत) | ३००००००. | २००००००. | १००००००. | १००००००. |
| विषेश अनुदान (चालु) | ११९९८६७५ | ११९२१७७२. | ७६९०३. | ७६९०३. |
| विषेश अनुदान (पुँजीगत) | १३३७२१८ | १३३७२१८. | ०. | ०. |
| समपुरक अनुदान (पुँजीगत) | ७३४६१७० | ७३४६१७०. | ०. | ०. |
| प्रदेश शर्सत (चालु) | ५५००००. | ५५००००. | ०. | ०. |
| प्रदेश शर्सत (पुँजिगत) | १००००००००. | ९१४५६४३. | ८५४३५७. | ८५४३५७. |
| प्रदेश विशेष (चालु) | ३७२६४२१. | ३६४६३४५. | ८००७६. | ८००७६. |
| प्रदेश समपूरक (पुँजिगत) | १२८५००००. | १२३५५५६४. | ४९४४३६. | ४९४४३६. |
| जम्मा | १८५५०९९८४. | १७७७४८३७७. | ७७६१६०७. | ७७६१६०७. |

३.२ **अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमस बुँदा नं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वयन हुनुपर्दछ।

| क्र स | स्रोत | योजनाको नाम | बजेट खर्च |
|---|---|---|---|
| १ | प्रदेश समपुरक अनुदान | राधुमाता मावि को भवन निर्माण | ६६,००,००० |
| | | मण्डाली आवि भवन निर्माण | ३९,५०,००० |
| | | स्वामीकार्तिक मावि भवन निर्माण | ३९,००,००० |
| २ | प्रदेश विशेष अनुदान | कोशेली घर निर्माण | ११,५९,५६८ |
| ३ | संघ समपुरक अनुदान | जोरू गोठीगाउँ सडक निर्माण वडा नं. १ | १,८७,२०,३७८ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· विभिन्न म.ले.प.फा.नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारित म.ले.प.फा.नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिवेदन ९०९ र म.ले.प.फा.नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगतखर्च निर्माणमुखी रहेको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· जिन्सी निरीक्षण प्रतिवेदन पेश नहुँदा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने नपर्ने के हो एकीन भएन,

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यिनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालनागरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा.नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· स्थानीय सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृतिदिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोछ। पालिकाले ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत

क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## ६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुख/अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिका उपाध्यक्षले मिति २०८१।३।१० मा रु. ३८ करोड ५२ लाख ३७ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२४ मा पारित भएको छ। यसैगरी स्थानीय तहका अध्यक्षलेले मिति २०८१।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## ८ आन्तरिक आय तर्फ

८.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७,७७,४८,३७७ | ३५,७८,२६८ | २.०१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८.२ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। तीन वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | १०,७०,०००.०० | २२,३५,५८०.४१ | २०८.९३ |
| २०८०/८१ | ९१,७०,०००.०० | ६५,९९,७४९.२५ | ७१.९७ |
| २०८१/८२ | ५४,६१,२४५.०० | ३५,७८,२६८ | ६५.५२ |

उपर्युक्त विवरण अनुसार आ.व. २०७९/८० मा रु. १० लाख ७० हजार आन्तरिक आय अनुमान गरिएकोमा रु. २२ लाख ३५ हजार (२०८.९३ प्रतिशत), आ.व. २०८०/८१ मा रु. ९१ लाख ७० हजार आय अनुमान गरिएकोमा रु. ६५ लाख ९९ हजार (७१.९७ प्रतिशत) र आ.व. २०८१/८२ मा रु. ५४ लाख ६१ हजार आय अनुमान गरिएकोमा रु. ३५ लाख ७८ हजार (६५.५२ प्रतिशत) आय

प्राप्त भएको छ। उपर्युक्त विवरण अनुसार पालिकाको आन्तरिक आय घटबढ रहेको देखिन्छ। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

८.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २,५००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

८.४ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

८.५ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। विद्युतीय प्लेटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

८.६ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयनमा ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

८.७ **रसिद नियन्त्रण खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही को दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले ब्याकहोलोडर र एम्बुलेन्स प्रयोग वापत असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ सम्बन्धितलाई के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ। साथै राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

८.८ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था** - पालिकामा रहेको उपकरण परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

| सि.नं. | सामानको विवरण | खर्च रु. | | | | जम्मा आम्दानी रु. |
|---|---|---|---|---|---|---|
| | | इन्धन | चालक/हेल्परको तलब भत्ता | मर्मत खर्च | जम्मा खर्च | |
| १ | लोडर र एक्साभेटर | ३०,४१,६४९ | १३,००,००० | ८,३१,९९७ | ५१,७३,६४६ | १२,९५,५०७ |
| २ | एम्बुलेन्स २ वटा | २२,३२,०० | १०,०८,००० | ९,६८,२२४ | २१,९९,४२४ | ८४,०५० |
| ३ | फेरी | ७३,२६० | ४,८१,००० | १,६१,९६४ | ७,१६.२२४ | ४,३१,४०० |
| जम्मा | | | २७,८९,००० | १९,६२,१८५ | ८०,८९,२९४ | १८,१०,९५७ |

पालिकाले उल्लेखित उपकरणहरुको परिचालनबाट प्राप्त आम्दानी र खर्चको विश्लेषण गर्दा वर्ष भरी रु. १८ लाख १० हजार ९५७ आम्दानी भएकोमा ८० लाख ८९ हजार २९४ खर्च भएको देखिन्छ, जुन कुल आम्दानीको ४४६.४९ प्रतिशत हुन आउँछ। उपकरण परिचालनमा आम्दानी भन्दा धेरै खर्च देखिन्छ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेतमा खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ।

८.९ **पालिकाको लोडर र एक्साभेटरबाट भएको सडक मर्मतको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी Norms rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। पालिकाले ईन्धन प्रयोग गरी आफ्नै ब्यकहोलोडर प्रयोग गरी यस वर्ष विभिन्न २ स्थानका सडक मर्मत तथा सरसफाई गरे वापत इन्धनमा रू. ३० लाख खर्च गरेको विवरण प्राप्त भएको छ। पालिकाले तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न हुनु पर्दछ।

## ९ बजेटमा समावेश नभएको

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार सभामा पेश गरी स्थानीय तहको सभाबाट अनुमोदित बजेट तथा कार्यक्रम संचालनमा ल्याउनु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष विश्व खाद्य कार्यक्रमबाट प्राप्त रु. १ करोड २० लाख र जिआइजेडबाट प्राप्त रु. २५ लाख ३२ हजार २२९गरी जम्मा रू. १ करोड ४५ लाख ३२ हजार २२९ प्राविधिक सहायताको रुपमा प्रतिवद्धता प्राप्त भएकोमा बजेटमा उक्त रकम समावेश गरेको देखिएन। आफ्नो क्षेत्रमा हुने सार्वजनिक खर्चहरुलाई बजेटमा समावेश गर्नु पर्दछ।

## १० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नअनुसार वडागत र पालिकास्तरका कुल ९६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४३ | ६ | ९ | २८ |
| २. | वडास्तरीय | ५३ | ० | ४ | ४९ |
| जम्मा | | ९६ | ५ | १३ | ७७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत कमि आउन सक्ने हुन्छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९५ योजना कार्यान्वियन भई गाउँपालिकाको प्रशासकिय भवन निर्माण योजना कार्यान्वियन हुन सकेको देखिएन। पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथमिकीकरण गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## ११ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकायमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम/योजना संख्या | २९९ | ३९ | ३ | ७ | ११ |

पालिकाबाट यस वर्ष सञ्चालित ३९ कार्यक्रमतथा योजनामा शुन्य प्रगति भएको उल्लेख छ।योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वियन भएको देखिदैन। योजना तथा कार्यक्रमको शून्य प्रगति हुनुले पालिकाको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन। प्राथमिकीकरण गरी कार्यान्वियन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

## १२ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट (लाखमा) | खर्च (लाखमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७७.२२ | १७३.५६ | ५.१ |
| २ | पूर्वाधार विकास | ८५०.५ | ७२३. | २१.२५ |
| ३ | सामाजिक विकास | १६७६.८२ | १४०४.३९ | ४१.२७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४१.८६ | १३९.२१ | ४.०९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १०५२.९७ | ९६२.९२ | २८.३ |
| **जम्मा** | | ३८९९.३७ | ३४०३.०९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१.२७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ४.०९ प्रतिशत रहेको छ।

## १३ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ३५ लाख ७८ हजार २६८, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३४ करोड १२ लाख ९८ हजार समेत रु. ३४ करोड ४८ लाख ७७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २५ करोड ४६ लाखख ८५ हजार र पूँजिगत

तर्फ रु. ८ करोड ५६ लाख २३ हजार समेत रु. ३४ करोड ३ लाख ८ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु. ४३ लाख ३२ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.८४ प्रतिशत चालु र २५.१६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (लाखमा) | | | | आषाढ महिनाकोखर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८५६ | ३४ | ६९ | २५५ | ४९८ | ३१३ |
| प्रतिशत | १०० | ३.९८ | ८.०६ | २९.७६ | ५८.२ | ३६.५३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ८ करोड ५६ लाख २३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा ३.९८ प्रतिशत, दोस्रो त्रैमासिकमा ८.०६ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. २९.७६ प्रतिशत र चौथो त्रैमासिकमा ५८.२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ३ करोड १३ लाख (३६.५३ प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१५ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन, २०७६ कोदफा २० मा कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ३६ कार्यक्रम घटाई ११५ कार्यक्रममा बढाएर विभिन्न शीर्षकमा कुल रु. २,०१,८८,७२१.०० रकमान्तर गरी अधिकांश शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा व्यवस्था नगरी एक शीर्षकबाट रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

१६ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू. ७१,७३,७५५।२८ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू. २,४०,०३,७०५।०० बजेटमा

भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ। त्यसै गरी आ.व. २०८१/८२ मा संचित कोष रु. ३२,०९,९४२.७१ मौज्दात रहेकोमा आ.व. २०८२/८३ को लागि रु. १,१५,०९,५७५।०० भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छ। यसरी स्रोतको सुनिश्चितता विना दायित्व सृजना हुने गरी आयोजना तथा कार्यक्रममा रकम विनियोजन तथा दायित्व सृजना गर्ने कार्यले पालिकाले बजेट अनुशासन पालना गरेको देखिदैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्धान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ।

## १७ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ५ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ० |
| | पञ्जिकरणतर्फ | ८६५ |
| २ | जन्मदर्ता | ५५० |
| ३ | मृत्युदर्ता | ११३ |
| ४ | बसाईसराई दर्ता | ९६ |
| ५ | विवाह दर्ता | १०५ |
| ६ | सम्बन्धविच्छेद दर्ता | १ |
| ७ | कालोपत्रे सडक | ० |
| ८ | ग्राभेल सडक | ० |
| ९ | ग्राभेल सडक मर्मत | १२ वटा |

पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता तथा अन्य विषयहरु सिफारिस गरेको भएतापनि सोको संख्यात्मक विवरण खुल्नेगरी स्पष्ट अभिलेख प्राप्त हुँन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

## १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलापहरु सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

## १९ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाको एक

पटक सार्वजनिक सुनुवाई भएको देखियो। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षण शाखा र जनशक्ति नभएको कारण पालिकाले यस वर्षको अन्तरसरकारी हस्तान्तरित कार्यक्रम बाहेकको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२१ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्षको मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८१.५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन विशेष ध्यान जानु जरुरी देखिन्छ।

२२ **कानून निर्माण र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३७ वटा ऐन, ८ वटा नियमावली, ७६कार्यविधि र ११ वटा निर्देशिका गरी १३२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष कारबाही किनारा गरी टुङ्गो लगाउन ३ वटा विवाद बाँकी रहेकोमा यस वर्ष ५ वटा विवाद दर्ता भएकोमा २ वटा फस्र्यौट भई ६ वटा विवाद फस्र्यौट हुँन बाँकी रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट सहकारी संस्थाहरुले विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन तथा प्राविधिक तर्फ गरी २३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२६ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक प्राविधिक, कम्प्युटर अपरेटर, अमिन लगायत २० जना कर्मचारीहरु करारमा नियुक्त गरी वार्षिक तलव भत्ता वापत रू. ७०,९३,२०१।०० भुक्तानी गरेको नियमसम्मत देखिएन। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ। रु.

| | |
|---|---|
| अनियमित भएको | ७०,९३,२०१ |

२७ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी सुविधाको वापत रू.४३,३२,५५०।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु.३५,७८,२६८।०० रहेको छ। आन्तरिक आयको तुलनामा करिब १२१ प्रतिशत बढी खर्च पदाधिकारी सुविधामा भएको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित बनाउनु पर्दछ।

२८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १९५ जना विभिन्न व्यक्तिहरुलाई रु. ३९,७४,६२३।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३५,७८,२६८।०० को १११ प्रतिशत हुन आउँछ। पालिकाले आफ्नो आन्तरिक आय संकलनको अवस्थालाई समेत ध्यान दिई निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।

२९ **विविध तथा सभा संञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) रु. ११,९९,९६८.०० र सभा सञ्चालनतर्फ रु. १,८७,५८८.०० गरी कुल रु. १३,८७,५५६.०० खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आयरु. ३५,७८,२६८।०० को ३८.७८ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

३० **वडाको विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका ५ वडा कार्यालयमा रू. ४,७४,३२४।०० विविध खर्च भुक्तानी गरेको छ। विविध खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य समाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाई मितव्यायी बनाउनुपर्दछ।

३१ **अतिथि सत्कार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु. ८,०२,१३४।०० खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको २२.४२ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ।

३२ **इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका, २०८१ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलब्ध गर्न सकिने व्यवस्था छ। यस वर्ष इन्धनमा कार्यालय प्रयोजनमा रू. ५१,४७,०३०.००, पदाधिकरीको लागि रू. ३,५६,७११.०० र इन्धन अन्य प्रयोजनको लागि रू. १,८८,४०७.०० गरी रू. ५६,९२,१४८।०० खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

३३ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनु पर्ने र नभएको अवस्थामा यस नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी नियमावलीमा भएको प्रावधान अनुशरण गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मत गराउदा आफ्नो मर्मत केन्द्र नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नु पर्नेमा १ लोडर, १ एक्जाकेटर, २ एम्बुलेन्स र १२वटा मोटरसाइकल मर्मत वापत सोझै खरिद गरी रू.२५ लाख ३ हजार भुक्तानी गरेको छ। तसर्थ पालिकाले खरिदमा प्रतिस्पर्धा कायम हुने गरी मितव्ययि तरिकाले मर्मत खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३४ **भ्रमण खर्च अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत टाँस गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अनुगमन, मूल्यांकन खर्च रू. १८,४४२२९।०० र जनप्रतिनिधि भ्रमण खर्च रू. ८,००,०००.०० गरी जम्मा रू. २६,४४,२२९।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

३५ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिका मातहत सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्नानुसार रहेको छ।

| सम्पति | संख्या | खरिद/प्राप्ति मुल्य |
|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २ | रू. ३०,७९,६८५ |
| सवारी साधन | मोटरसाइकल १२ | रू. २३,४७,७३१ |
| | एम्बुलेन्स २ | रू. ४१,६८,५६७ |
| उपकरण | ल्यापटप १७ | रू. २३,३५,३६३ |
| | जेनेरेटर २ | रू. ११,४४,९९९ |
| | एक्जाभेटर १ | रू. १,१६,३९,००० |
| | ब्याकहोलोडर १ | रू. ३९,८७,५१० |
| | ट्रान्सफर्मर १ | रू. २,९७,००० |
| | डिजिटल क्यामेरा १ | रू. १,४७,५०० |
| बेचल्तिमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | डुङ्गा २ | रू. ८,६८,११५ |

पालिकाले जिन्सी सामाग्रीको यथार्थ लगत राखि जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार मर्मत, सम्भार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३६ **विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त समिति गठन गरेको भए पनि उल्लेखित व्यवस्था बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम समितिलाई सक्रिय बनाउनुपर्दछ।

३७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८५६२३४१७.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३८ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

३९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौटगर्नुपर्ने व्यवस्था छ। पालिकाले गत र यस वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की फर्स्यौट हुनु पर्दछ।रू.

| क्र स | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | यस आव | गत आव | यस आव | गत आव | |
| १ | बंगलामुखी/मेनका जे.भि. | ० | ० | ० | ६३३९००० | ६३३९००० |
| २ | दिनेश र्निमाण सेवा। टेक्नीकल जे.भी. | ० | २२,०९,०४०.०० | ० | ० | २२,०९,०४०.०० |
| ३ | डि.यान. एस. कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | ० | ० | १५,००,०००.०० | ० | १५,००,०००.०० |
| ४ | जनकल्याण निमार्ण सेवा | ० | ० | ३२,००,०००.०० | ० | ३२,००,०००.०० |
| ५ | इलाका प्रहरी कार्यालय बुढीन्नदा बाजुरा | ० | ३२,०००.०० | ० | ० | ३२,०००.०० |
| ६ | स्वामीकार्तिक मा वि वाई | २,००,०००.०० | ० | ० | ० | २,००,०००.०० |
| ७ | चुचे ढुङ्गा मुथीवाडी सडक निर्माण | ४,००,०००.०० | ० | ० | ० | ४,००,०००.०० |
| ८ | पदम बुढा | ० | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| ९ | शैलेन्द्र जङ्ग शाही | ० | १,००,०००.०० | ० | ० | १,००,०००.०० |
| १० | बहादुर सिह ऐरी | १५००० | ० | ० | ० | १५००० |
| ११ | अर्जन धामी | १०००० | ० | ० | ० | १०००० |
| १२ | अस्मिन रोकाया | ११००० | ० | ० | ० | ११००० |
| १३ | अनिल गिरी | १०००० | ० | ० | ० | १०००० |
| १४ | धन सिह कठायत | २५०० | ० | ० | ० | २५०० |
| १५ | कृर्ति कटेल | ३०००० | ० | ० | ० | ३०००० |
| जम्मा | | ६७८५०० | २५४१०४० | ४७००००० | ६३३९००० | १४२५८५४० |

| पेश्की | ६,७८,५०० |
|---|---|

४० **अतिरिक्त सुविधा**

निजामति सेवा ऐन, २०४९ को दफा १ मा आफ्नो पदमा बहाली गरेको दिन देखि तलब भत्ता पाउने र दफा १ (क) मा कर्मचारीको तलब भत्ता पुनरावलोकन गर्नको लागि एउटा पुनरावलोकन समितिको व्यवस्था गरिएको छ, उक्त समितको सिफारिसको आधारमा नेपाल सरकार, अर्थन्त्रालयले कर्मचारीको तलबमान निर्धारण गर्दछ र सोहि बमोजिम कर्मचारीको तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले सन्दिप सुनन्दा मा.वि. जुकुका स्थायी शिक्षक श्री भानुभक्त भट्टलाई कार्यपालिकाको निर्णय अनुसार शिक्षा शाखामा कार्य गरेबापत पारिश्रमिकका साथै मासिक रु. ८५००।० अतिरिक्त सुविधा भुक्तानी दिएको छ। नियम विपरीत भुक्तानी दिएको अतिरिक्त सुविधा नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | १,०२,००० |
|---|---|

४१ **जनप्रतिनिधिलाई पेश्की**

सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ दफा ३को उपदफा(१) अनुसूचिको १ (क) मा पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा तोकिएको छ। उक्त ऐनमा पदाधिकारीलाई सुविधा वापतको रकम पेश्की दिने व्यवस्था उल्लेख गरेको देखिदैन। पालिकाले यस बर्ष तपशिल बमोजिमका पदाधिकारीहरुलाई सेवा सुविधा वापतको रकम एकमुष्ट पेश्कीको रुपमा उपलब्ध गराएको देखियो। यसरी नियममा व्यवस्था नभएकोले सुविधा पेश्की दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.न. | पदाधिकारीको नाम | पद | पेश्की रकम रु. |
|---|---|---|---|
| १५२/२०८१।०९।१२ | शुलोचना बुढा | उपाध्यक्ष | २०८०५० |
| ८८/२०८१।०८।२५ | सिहं धामी | वडा अध्यक्ष | २२०५०० |
| ३५/२०८१।०६।२० | दिपक महतारा | कार्यपालिका सदस्य | ८७००० |
| **जम्मा** | | | **५,१५,५५०** |

४२ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रु. २,२१,१६०।० भुक्तानी गरेको छ। जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन। यसर्थ खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौचर नं. | भुक्तानी पाउने नाम | प्रयोजन | कारोबारको ब्यहोरा | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४४/२०८१।०६।२१ | गगन शाही | पाइप खरिद | ३०० मिटर पाइप खरिद गरिएकोमा वितरण, मौज्दात वा प्रयोगको अवस्था एकिन गर्ने कागजात पेश गर्नुपर्ने | १५००० |
| २ | ४८/२०८१।०६।२१ | धनकृष्ण जोशी | वाई कुलो मर्मत वडा न ४ | लागत अनुमान,प्राविधिक विलर कार्यसम्पन्न पेश गर्नुपर्ने | ७१००० |
| ३ | ४८९/२०८२।०३।०९ | मन बहादुर रोकाया | पालिकाको गित निर्माण तथा रेकर्डिङ | गित निर्माण तथा रेकर्डिङ भनेर भुक्तानी दिएकोमा कार्यादेश, गितको जिङ्गल र दाखिला प्रतिवदेन पेश गर्नुपर्ने | १००००० |
| ४ | ५३/२०८१।०६।२१ | किशोर बुढा | फोटोकपी विल पेश गरेको | कार्यालय सामान खरिद बापत बलभद्र इन्टर प्राइजेजको फोटोकपी बिल राखी भुक्तानी दिएकोले सक्कल बिल पेश गर्नुपर्ने | ३५१६० |
| **जम्मा** | | | | | **२,२१,१६०** |
| | | | | प्रमाण पेश नगरेको | २,२१,१६० |

४३ **पान विलमा कारोबार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले बीस हजार रुपैयाँ भन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा पालिकाले विभिन्न प्रयोजनमा देहायका फर्म/सप्लायर्सबाट पान बीलमा बीस हजार भन्दा बढीको कारोबार गरी भुक्तानी गरेको छ। पालिकाले नियमावलीको व्यवस्था बमोजिम २० हजार भन्दा बढीको कारोबार मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ। केहि उदाहरणहरु यस प्रकार छन्।

| क्र.स. | गो.भौ.नं./ मिति | सप्लायर्स/फर्म | कारोबारको ब्यहोरा | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | १४६,२०८१/०९/१२ | पूर्णिमा फोटो स्टुडियो एण्ड स्टेशनरी | कार्यालय सामाग्री खरिद | २९९२६० |
| २ | २१७,२०८१।१०।०६ | टि एस मोबाइल ग्यालरी एण्ड इलेक्ट्रोनिक्स | कार्यालय सामाग्री खरिद | ४८९७९५ |
| ३ | २९७,२०८१।१२।१४ | जगन्नाथ जयन्ति स्टोर | कार्यालय सामाग्री खरिद | ४१३७५० |
| ४ | ५११/२०८२।०३।२३ | आर के मोबाइल ग्यालरी | कार्यालय सामाग्री खरिद | ९८९७८० |
| ५ | ५९२/२०८२।०३।२३ | पूर्णिमा फोटो स्टुडियो एण्ड स्टेशनरी | स्टेशनरी सामाग्रीहरु | ५२७२७२ |
| ६ | ६०१/२०८२।०३।२४ | डी आर रेष्टुरेन्ट | विविध खर्च | ६५८००० |

४४ **बहाल कर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। साथै आयकर ऐन, २०५८ को दफा ८८(१) मा बहाल कर १० प्रतिशत अग्रिम रुपमा कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ३३६/२०८१।१२।२५ बाट कार्यालयका सामाग्रीहरु ढुवानीका लागि दाजुभाई ट्रेर्डसलाई रु. ९० हजार भुक्तानी दिएकोमा बहाल कर कट्टि नगरेकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००० |

४५ **तलबी प्रतिवेदन**

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४७(२) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ, साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगरि १५ जना कर्मचारीको रु. १ करोड २१ लाख तलब तथा भत्ता खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकाले पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

४६ **उद्धार,राहत तथा पुनर्स्थापना खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ (६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राहत, उद्धार तथा पुर्नःस्थापनामा रु. ३३,९९,०४७।० खर्च लेखेको छ, जसमध्ये रु. २१ लाख २५ हजार जिल्ला प्रशासन विपद व्यवस्थापन कोषमा साझेदारीका लागि भुक्तानी गरिएको छ।पालिकाले यस किसिमका खर्च गर्दा कार्यविधि बनाई वास्तविक राहत तथा पुर्नःस्थापनामा सहयोग पुग्ने गरी परिवार तथा व्यक्तिहरुको छनौट गर्नुपर्ने र प्रकोप तथा क्षतिको वैज्ञानिक मापन गरी गर्नुपर्नेमा वडाको सिफारिस र अध्यक्षको तोक आदेशमा भुक्तानी गर्ने गरिएको छ। यसरी राहत वितरण गरिएको केहि नमुना छनौट गरी परीक्षण गर्दा घर मर्मत लगायतका काम समेत प्राविधिक विल तथा प्रतिवेदन बेगर डोरहाजिरी फारामको आधारमा भुक्तानी दिएको देखियो। यस किसिमका भुक्तानी दिँदा लागत अनुमान बनाई प्राविधिक नाँपजाँच गरी यथार्थ कार्यसम्पन्नको आधारमा दिनुपर्दछ। साथै पालिकाले उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रमलाई कार्यविधि तथा मापदण्डको निर्माण गरी विश्वसनिय, यथार्थपरक र प्रभावकारी बनाउनु पर्दछ।

४७ **औषधी उपचार खर्च र आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ (६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक सहायता र उपचार खर्चको रुपमा कार्यविधि निर्माण नगरी बिल भर्पाइ र पालिका अध्यक्षको तोक आदेशमा विभिन्न व्यक्तिलाई औषधी उपचार खर्च वापत रु. १३,३५,१५०।०० र आर्थिक सहायता खर्च वापत रु. २१,९७,३६७।०० गरी जम्मा रु. ३५,३२,५१७।०० खर्च लेखेको

छ। कार्यपालिकाको निर्णय र अध्यक्षको तोक आदेशमा रु. ५ हजार देखि रु. १ लाख सम्म आर्थिक सहायता वितरण गरेको देखियो। कार्यविधि मार्फत पालिकाको आफ्नो क्षमता र आन्तरिक आयका आधारमा कस्ता प्रकारका बिरामिलाई सहायता उपलब्ध गराउने भन्ने पक्षमा ध्यान दिनुपर्ने देखिन्छ।

४८ **मृतक परिवारसँग अध्यक्ष सान्त्वना कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ (६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष मृतक परिवारसँग अध्यक्ष सान्त्वना कार्यक्रममा रु. २ लाख ४९ हजार खर्च लेखेको छ। वडाको सिफारिस, अध्यक्षको तोक आदेशमा मृतकको क्रिया खर्च तथा परिवारलाई सान्त्वना स्वरुप दामासाहीका हिसाबले रकम वितरण गरेको देखियो। पालिकाले कार्यविधिको आधारमा वास्तविकताको मुल्यांकन गरी सहायता वितरण गर्नुपर्नेमा त्यसो गरेको देखिएन्। यस्ता खालका वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

४९ **उपाध्यक्षलाई उपचार खर्च**

सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ अनुसूचि १'क' मा पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा तोकिएको छ।पालिकाले कार्यपालिकाको मिति २०८०।०९।२२ गतेको निर्णयका आधारमा उपाध्यक्ष स्व. श्री मैना जोशीलाई ब्लड क्यान्सरको उपचार खर्च बापत रु.८ लाख ५० हजार औषधी उपचार खर्च भुक्तानी दिएको छ।पालिकाले यस्ता खालका खर्चलाई कार्यविधि बनाई व्यवस्थित गर्नुपर्दछ।

५० **भ्रमण खर्च र गाडी भाडा**

भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ। पालिकाको आफ्नै सवारी साधन नभएको अवस्थामा कार्यालयका पदाधिकारी वा केही कर्मचारीहरुले समेत भ्रमण गर्दा सम्झौता गरी गाडी भाडामा लिने गरेको देखियो।कतिपय भ्रमणमा यसरी गाडी भाडा सम्झौता गरी भ्रमण गर्दा सम्बन्धित पक्षलाई भुक्तानी नगरी आफैंले भुक्तानी लिएको देखियो । यसरी नियम विपरित किफायती नहुने गरी र पाउने सुविधा भन्दा बढी हुने गरी पदाधिकारी वा कर्मचारीले भ्रमण गरेको देखिन्छ। साथै सुदुरपश्चिम प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीका लागि सुविधा अन्तर्गत पालिका अध्यक्षलाई यातायात खर्च वापत वार्षिक रु. १,२०,०००।० सम्म पाउने व्यवस्था रहेकाले सोको परिधि भित्र रहेर खर्च गर्नुपर्नेमा सोको सिमा भन्दा बढी समेत भुक्तानी भएको देखिन्छ। कार्यालय प्रमुखको हकमा मन्त्रालयबाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल वा ७५ लिटर पेट्रोल बराबरको बार्षिक रु. १,७०,०००।०० खर्च गर्नुपर्दछ। पालिकाले भ्रमण खर्च तथा गाडी रिर्जभ गर्दा मापदण्डको सिमा भित्र रहेर सार्वजनिक स्रोतको मितव्ययिता कायम हुनेगरी खर्च गर्नुपर्दछ।

५१ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष निम्नानुसारका कार्यक्रममा रु. ५ लाख ६० हजार खर्च लेखेको छ। यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ। केही उदाहरण देहाय अनुसार छन्।

| **गो.भौ.न.** | **कार्यक्रम** | **रकम रु.** |
|---|---|---|
| ६९/२०८१।०८।०२ | जुकोट दशै मेला व्यवस्थापन | १,३०,०००।० |
| २२६।२०८१।१०।०७ | साँस्कृतिक कार्यक्रम सञ्चालन | ८८,८००।० |
| ३५६।२०८२।०१।१६ | शिवरात्री मेला व्यवस्थापन | १,३४,२२५।० |
| ४३२/२०८२।०२।१३ | बृहत देउडा प्रतियोगिता | २,०७,५९०।० |

५२ **मैना जोशी अक्षय कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.नं. ५६९/२०८२।०३।२० बाट सामानिकरण अनुदानको रकमबाट स्वर्गीय मैना जोशी स्मृति अक्षय कोषको कार्यालयलाई रु. ८ लाख भुक्तानी दिएको देखियो। उक्त कोष स्थापनाकोउद्देश्य, त्यसको सञ्चालन प्रक्रिया, त्यसमा जम्मा गरिएको रकम कुन प्रयोजनको लागि खर्च हुने हो यकिन हुन सकिएन्। सरकारी कोषको रकम यस प्रकारका कार्यमा खर्च गर्नु उपयुक्त नहुने हुँदा यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

५३ **परीक्षा सञ्चालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गो.भौ.नं. ४२४/२०८२।०२।११ बाट पालिकाले आन्तरिक परीक्षा सञ्चालन गर्न तपशिल बमोजिमका विद्यालयहरुलाई रु. २ लाख ६२ हजार निकासा दिएको छ। तर विद्यालयले उक्त रकम खर्च गरेको पुष्टि गर्ने प्रमाण पेश गरेको नदेखिएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

**तपशिल**

| **विद्यालयको नाम** | **रकम रु.** |
|---|---|
| हिमचुली आ.वि. | ६७५० |
| भैरवनाथ मा.वि. | १८७५० |
| स्वामीकार्तिक मा.वि. | २२८०० |
| कालिका आ.वि. | १२४५० |
| भैरवनाथ आ.वि. | ४९५० |
| शम्भुसुनन्दा आ.वि. | २३५५० |
| सुर्योदय आ.वि. | ७८०० |
| शम्भुसुनन्दा मा.वि. | २५८०० |
| चाखुडेथला आ.वि. | ३३०० |
| कुलादेवि मा.वि. | २३५५० |
| कोटेढुङ्गा आ.वि. | २५५० |
| भगवती आ.वि. | ४३५० |
| रुपाली आ.वि. | १६८०० |
| मण्डाली आ.वि. | ३४३५० |
| मण्डाली आ.वि. मुक्तिकोट | ६९०० |
| कालिका आ.वि. | ६७५० |
| राघुमाता मा.वि. | ३३६०० |
| रुपाली आ.वि. | ५२५० |
| गंगादेवी आ.वि. | १९५० |
| **जम्मा** | **२,६२,२००** |

| प्रमाण पेश नगरेको | २,६२,२०० |
|---|---|

५४ **दाखिला गर्न बाँकी राजस्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा रसिद नं. ६५१ देखि ७०० बाट कर्मचारी श्री भरत रोकायाबाट संकलित राजस्व रकम रु. २१५०।०० दाखिला गर्न बाँकी रहेकोले सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,१५० |
|---|---|

५५ **शिक्षा तथा विद्यालय अनुदान व्यवस्थापन**

५५.१ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन गर्न मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५५.२ **IEMIS अद्यावधिक** - शिक्षा तथा मावन स्रोत विकास केन्द्र द्धारा जारी कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१/८२ को बुँदा नं. ५ मा स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट गरिने शैक्षिक तथ्याङ्क शैक्षि व्यवस्थापन सूचना प्रणाली (EMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानिय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई EMIS अनिवार्य रूपले अद्यावधिक गर्न लगाउने र स्थानीय तहले विद्यालयबाट अद्यावधिक गरिएको शैक्षिक शत्र २०८१ को तथ्याङ्कको सत्यापन गर्ने र सत्यापन भएको तथ्याङ्कका आधारमा अनुदान निकासा दिनुपर्ने उल्लेख छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक गरेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५५.३ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई आधारभूत शिक्षक तलव भत्तामा रु. ५,२५,९७,३६४।००, माध्यमिक शिक्षक तलव भत्तामा रु. १,२१,७६,४१२।००, प्रारम्भिक वाल विकास र विद्यालय कर्मचारी अनुदानमा रु. ६९,६६,३३३।००, प्रति विद्यार्थी लागतमा रु. ८,९९,१५०।००, पाठ्यपुस्तकमा रु. २२,४९,५०३।००, छात्रवृत्तिमा रु. १४,३९,२००।००, अङ्ग्रेजी गणित विज्ञान शिक्षक तलबमा रु. ७२,५६,२३३।००, विद्यालय संचालन तथा व्यवस्थापनमा रु. १५,७१,६००।००, दिवा खाजा ढुवानि खर्चमा रु. ७,२१,००४।००, शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदानमा रु. २८,२५,६२०।००, ICT ल्याव व्यवस्थापन अनुदानमा रु. १३,००,०००।००, सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापनमा रु. १३,२१,३६४।००, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रममा रु. १,८३,५००, ३ सामुदायिक सिकाई केन्द्रलाई रु. ९,००,०००।००, विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वियनमा रु. ४,००,०००।०० र शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणमा रु. ७,११,८९६।०० गरी कूल रू. ९,३५,२९,१७०।०० अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वियन कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

५५.४ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका २५ सामुदायिक विद्यालयमा अङ्ग्रेजी, गणित, विज्ञान अनुदान शिक्षक सहित ११० शिक्षक दरवन्दी रहेकोमा पालिका अनुदान सहित १५२ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित २५ सामुदायिक विद्यालयमा ECD बाहेकका ३६०३ विद्यार्थी अध्ययनरत रहेका छन। पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | संचालित कक्षा | शिक्षक दरबन्दी | | | | पदपुर्ती पालिका अनुदान सहित | | | | | जम्मा शिक्षक | विद्यार्थी | अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | करार | शिक्षण अनुदान | स्थायी | राहत | करार | शिक्षण अनुदान | पालिका अनुदान | | | |
| १ | श्री हिमचुली आ वि मिगु | कक्षा १-८ | २ | ० | ० | १ | २ | ० | ० | १ | ३ | ६ | ७२ | १२ |
| २ | श्री भैरवनाथ मा वि जेरा | कक्षा १-१० | ७ | १ | ० | ३ | ७ | १ | ० | ३ | २ | १३ | २१३ | १६ |
| ३ | श्री स्वामीकार्तिक मा वि वाई | कक्षा १-१२ | १७ | १ | ० | ० | १२ | १ | ५ | ० | १ | १९ | ४१६ | २२ |
| ४ | श्री कर्णाली आ वि छापु | कक्षा १-३ | २ | ० | ० | ० | १ | ० | १ | ० | १ | ३ | ३७ | १२ |
| ५ | श्री कालिका आ वि फैता | कक्षा १-८ | ३ | १ | ० | १ | ३ | १ | ० | १ | ३ | ८ | १०५ | १३ |
| ६ | श्री भैरवनाथ आ वि जुकोट | कक्षा १-५ | ४ | १ | ० | ० | ३ | १ | ० | ० | ० | ४ | ५७ | १४ |
| ७ | श्री मनमोहन स्मृती आ वि | कक्षा १-२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | |
| ८ | श्री शम्भुसुन्दा मा वि जुकोट | कक्षा ६-१२ | ९ | ० | ० | ० | ९ | ० | ० | ० | १ | १० | ३२५ | ३३ |
| ९ | श्री सूर्योदय आ वि जुकोट | कक्षा १-५ | २ | १ | ० | ० | २ | १ | ० | ० | २ | ५ | १३९ | २८ |
| १० | श्री शम्भुसुनन्दा मा वि जुकु | कक्षा १-१० | ८ | १ | ० | ३ | ८ | १ | ० | ३ | २ | १४ | २२५ | १६ |
| ११ | श्री चाखुडेथला आ वि जोरु | कक्षा १-५ | २ | ० | ० | ० | २ | ० | ० | ० | २ | ४ | ५७ | १४ |
| १२ | सत्यसाई आ वि जोरु | कक्षा १-३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३६ | |
| १३ | श्री कुलादेवी मा वि वर्कु | कक्षा १-१० | २ | १ | ० | ३ | २ | १ | ० | ३ | ६ | १२ | २०९ | १७ |
| १४ | श्री कोटेढुंगा आ वि बाहुनी | कक्षा १-५ | १ | १ | ० | ० | ० | १ | १ | ० | १ | ३ | ३७ | १२ |
| १५ | श्री भगवती आ वि रुढी | कक्षा १-५ | ० | २ | ० | ० | ० | २ | ० | ० | २ | ४ | ७५ | १९ |
| १६ | श्री रुपाली आ वि माझपाटा | कक्षा १-८ | ३ | ० | ० | १ | ३ | ० | ० | १ | ३ | ७ | १४७ | २१ |
| १७ | खापरमष्टेश्वरी आ वि खोलाह | कक्षा १-३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २९ | |
| | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | श्री मण्डाली आ वि खोलिकोट | कक्षा १-८ | १ | ३ | ० | १ | ० | ३ | १ | १ | ३ | ८ | ३५३ | ४४ |
| १९ | श्री मण्डाली आ वि मुक्तिकोट | कक्षा १-५ | १ | १ | ० | ० | १ | १ | ० | ० | २ | ४ | १४७ | ३७ |
| २० | श्री कालिका आ वि डिम्मरपानी | कक्षा १-५ | ० | ३ | ० | ० | ० | ३ | ० | ० | १ | ४ | १११ | २८ |
| २१ | श्री राघुमाता मा वि साप्पाटा | कक्षा १-१२ | ७ | २ | ० | १ | ४ | २ | ३ | १ | ३ | १३ | ५४४ | ४२ |
| २२ | श्री बिन्द्रशैनी आ वि फयाल गाउँ | कक्षा १-३ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ४५ | २३ |
| २३ | श्री रुपाली आ वि सुपाना | कक्षा १-५ | १ | २ | ० | ० | १ | २ | ० | ० | १ | ४ | १०० | २५ |
| २४ | श्री पुगेली आ वि पुणेनी | कक्षा १-२ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ५९ | ५९ |
| २५ | श्री गंगादेवी आ वि छुद्दरी | कक्षा १-५ | २ | १ | ० | ० | २ | १ | ० | ० | १ | ४ | ६१ | १५ |
| जम्मा | | | ७४ | २२ | ० | १४ | ६२ | २२ | ११ | १४ | ४३ | १५२ | ३६०३ | २४ |

५५.५ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। यस वर्ष २५ वटा विद्यालयलाई जम्मा रु. ८,९९,१५०।०० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। अत: कार्यक्रम कार्यान्वयन कार्यविधिको पालना हुनुपर्दछ।

५५.६ **सामुदायिक सिकाई केन्द्र** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी आर्थिक वर्ष २०८१।८२ को कार्यक्रम कार्यान्वयन कार्यविधिको कार्यक्रम नं. २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रहरुलाई अनुदान उपलव्ध गराउन सकिने मापदण्ड अन्तर्गत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमित प्रतिवेदन पेश गरेको हुनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष सिर्जनशिल सामुदायिक अध्ययन केन्द्र, महादेव सामुदायिक अध्ययन केन्द्र र प्रगतिशिल सामुदायिक अध्ययन केन्द्रहरुलाई प्रति केन्द्र बार्षिक रु. ३ लाखका दरले रु. ९ लाख अनुदान उपलव्ध गराएकोमा उल्लिखित प्रतिवेदन पेश नगरेकोले शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग तथा अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्दछ।

५५.७ **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.४.६.२ मा सार्वजनिक विद्यालयका कक्षा १ देखी १२ सम्मका विद्यार्थीकालागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने र अनुदानबमोजिम विद्यालयले पाठ्यपुस्तक विद्यार्थिलाई वितरण गरेको पालिकामा पेश गर्ने उल्लेख छ। पालिकाले यो वर्ष २५ विद्यालयका कक्षा १ देखी १२ सम्मका ३४२१ विद्यार्थीहरुलाई रु. २२,४९,५०३।०० निकासा गरेको छ। कक्षा १ देखि १० का विद्यार्थी २०८२ सालको EMIS को विद्यार्थी संख्याका आधारमा र कक्षा ११ देखी १२ सम्मका विद्यार्थीलाई २०८१ को IEMIS को तथ्याङ्क अनुसार निकासा गरेको छ। विद्यालयले पेश गरेको विल र भरपाईलाई आधार बनाई विद्यार्थी संख्या कायम गरी पाठ्य पुस्तक

अनुदान पलिकाले फरफारक गरेको छ। पालिकाले कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम प्रमाणित विद्यार्थी संख्या यकिन गर्ने तथा सोको आधारमा IEMIS अद्यावधिक गरेको देखिएन। कार्यविधि बमोजिम विद्यार्थी संख्या अद्यावधिक गर्नु पर्दछ।

५५.८ **पालिका शिक्षकको तलव भत्ता** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वयन कार्यविधिको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले ४३ शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान/ राजस्व बाँडफाट तलब भुक्तानी गरेको छ। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

५५.९ **छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नु पर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयलाई EMIS को तथ्याङ्कका आधारमा कुल रु. ४,९७,२००।०० निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गरेको छैन। पालिकाले सत्यापन गरी रकम निकासा गर्नुपर्दछ।

५५.१० **आइसिटी ल्याव स्थापना** - सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय च.नं. ११४६ मिति २०८०।११।१४ अनुसार पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र सूचना प्रविधि अधिकृतको उपस्थितिमा विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफको बैठकबाट खरिद तथा जडान गर्नुपर्ने सामाग्रीहरुको सूची एकीन गरी सामाग्रीको स्पेसिफिकेसन तयारी गर्नुपर्ने परिपत्र गरेको छ। त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरी स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित शम्भु सुनन्दा मावि, जुकु र स्वामिकार्तिक मावि वाईमा यस कार्यक्रमकालागि प्रति विद्यालय रु. ६,५०,०००।०० का दरले कूल रु. १३,००,०००।०० अनुदान दिएकोमा विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

५५.११ **स्यानिटरी प्याड**- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले कोलोपेष्ट ट्रेड कन्सर्न (पान नं. ६१०२७८१४७) बाट ६ थान प्याड भेन्डिङ मेशिन रु. २,९१,५४०।०० (मु अ कर समेत) र SL Enterprise बाट १२६४० थान स्यानिटरी प्याड रु. ९,९९,८२४।०० (मू.अ.कर समेत) मा खरिद र ढुवनी रु. ३०,०००।०० समेत गरी कूल रु. १३,२१,३६४।०० खर्च गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद

गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण तोकिएको स्पेसिफिकेसन र गुणस्तर अनुसार खरिद गरी त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्नुपर्दछ।

५५.१२ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण** - नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रम कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

५५.१३ **शुन्य दरबन्दी भएका विद्यालयलाई अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.१३ (९.६०) मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने सम्बन्धमा उल्लेख छ। अनुदान उपलब्ध गराउदा अनुदान लिने विद्यालयसँग विद्यालय सञ्चालनका लागि करार सम्झौता गर्ने, सम्झौता अनुसार एकमुष्ट अनुदान दिने, सम्झौता अनुसार काम भए नभएको अनुगमन गर्ने लगायतका विषय उल्लेख छन्। पालिकाले यस वर्ष देहायका विद्यालयलाई तलब भत्ता तथा सञ्चालन अनुदान मासिक निकासा गरी यस वर्ष रु. २८,२५,६२०।०० अनुदान उपलब्ध गराएको छ। पालिकाले सम्झौता गरेको तथा अनुदान पाउने विद्यालयको कार्यविधि बमोजिम अनुगमन गरेको देखिएन। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। अनुदान पाउने विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ। नियमावलीको व्यवस्था बमोजिम विद्यालय समायोजन गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | श्री मनमोहन स्मृती आ वि | कक्षा १-२ | ४ |
| २ | सत्यसाई आ वि जोरु | कक्षा १-३ | ३६ |
| ३ | खापरमष्टेश्वरी आ वि खोलाह | कक्षा १-३ | २९ |
| जम्मा | | | ६९ |

५५.१४ (93-2082-03-01):

**दिवा खाजा** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यविधि २०८१/८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरी क्रियाकलाप नं. २.७.११.१ मा विश्व खाद्य कार्यक्रमको वस्तुगत सहयोगमा विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भईरहेका बझाङ बाजुरा र दार्चुला जिल्लामा प्रारम्भिक बालबिकास देखी ८ कक्षा सम्मका विद्यार्थीलाई स्थानीय खाद्य गोदामबाट सम्बन्धित विद्यालयसम्म ढुवानीको व्यवस्था गर्ने व्यवस्था अनुरुप यस वर्ष २५ सामुदायिक विद्यालयमा दिवाखाजा ढुवानीका लागि रु. ५,७२,७६९।०० खर्च गरेको छ। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन। निकासा गरेको रकमको

सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिकाबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

५५.१५ (186-2082-03-24):
**दिवाखाजाको रकम अन्यत्र भुक्तानी** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने उल्लेख छ। त्यस्तै शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.११.१ मा दिवाखाजा सम्बन्धी व्यवस्था छ। पालिकाले संघीय सशर्त चालु तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान कार्यक्रमबाट विश्व खाद्य कार्यक्रम (WFP) का कर्मचारी राज रोकायालाई विश्व खाद्य कार्यक्रम (WFP) को खाद्य गोदाम मर्मत तथा व्यावस्थापन कार्यका लागी रु. १,४८,३२५।०० भुक्तानी दिएको छ। उक्त कार्यको लागत अनुमान, प्राविधिक विल तथा नापि किताव समेत तयार नगरेको र कार्यविधि बमोजिम खर्च गर्न निमिल्ने कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४८,३२५ |

५५.१६ **स्रोत शिक्षक** - शिक्षकलाई सामुदायिक विद्यालयले शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसँग सम्बन्धित काममा मात्र प्रयोग गर्नुपर्ने स्पष्ट व्यवस्था छ। तर, पालिकाले शम्भुसुनन्दा मा.वी. जुकुमा दरबन्दी रहेका र सोही विद्यालयबाट तलब भत्ता बुझ्ने प्रा.वि. प्रथम तहका शिक्षक भानुभक्त भट्टलाई गाउँपालिकामा स्रोत शिक्षकमा राखी तलब भुक्तानी गर्दा कर्मचारी सञ्चयकोष, विमा कट्टी नगरी दशै भत्ता तथा पोषाक भत्ता, स्थानिय भत्ता १२ महिनाको सहित रु. ८,८८,४०३।११ मा १ प्रतिशत सासुकर कट्टी गरी सोझै भुक्तानी गरेको छ। पालिकाले शम्भु सुनन्दा मा.वी. जुकुमा २ जना शिक्षक करारमा पालिका अनुदानमा राखेको छ। यसरी, दरबन्दी भित्रको शिक्षकलाई शिक्षा कार्यमा संलग्न नगरी, करारमा शिक्षक नियुक्त गरेर थप व्ययभार परेको देखिन्छ। पालिकाले शैक्षिक जिम्मेवारीलाई प्राथमिकता दिँदै शिक्षकलाई सम्बन्धित विद्यालयमा फिर्ता पठाएर शिक्षण कार्यमा संलग्न गराउनु पर्दछ।

५५.१७ (166-2082-02-22):
**कक्षा ११ र १२ का शिक्षकलाई तलब** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने उल्लेख छ। त्यस्तै शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.३०४ मा कोभिड - १९ बाट पुगेको क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। सोहि कार्यविधिकै क्रियाकलाप नं. २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणका लागि खर्च गर्ने उपक्रियाकलाप उल्लेख छन। पालिकाले उल्लेखित कार्यविधिमा तोकेका कार्य नगरी कोभिड - १९ बाट पुगेको क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताको रु. ४ लाख र शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणको रु. २ लाख रकम रघुमाता मावि र शम्भुसुनन्दा मावि जुकोटका कक्षा ११ र १२ का शिक्षकलाई तलब बापत प्रति विद्यालय रु. ३ लाखका दरले कुल रु. ६,००,०००।०० भुक्तानी दिएको छ। यसरी संघिय सशर्तको रकम नियम विपरित खर्च गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

५५.१८ (137-2082-03-17):
**सशर्त अनुदानबाट पालिका शिक्षकको तलब** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने उल्लेख छ। त्यस्तै शिक्षा तथा मानव

श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. १.१.३.३ र १.१.३.४ मा आधारभूत (प्राथमिक तह, निम्न माध्यमिक तह) र माध्यमिक तहमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी/करार र राहत कोटामा कार्यरत शिक्षकलाई शशर्त अनुदानको तलब भत्तामा समावेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै क्रियाकलाप नं. १.१.४.१ मा प्रारम्भिक बालबिकास सहजकर्ता/शिक्षकको र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा उल्लेख छ। पालिकाले उल्लिखित दरबन्दी बाहेकका गाउँपालिका शिक्षक, बाल बिकास सहजकर्ता, कार्यालय सहयोगी, पाले, बगैचे तथा कर्मचारीलाई कार्यविधिमा उल्लिखित व्यावस्थाको विपरित सशर्त अनुदानको माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान र आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदानबाट देहायका विद्यालयलाई रु. ४१,५२,६००।०० तलब भत्ता निकासा गरेको अनियमित देखिएको रु.

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | निकासा रु. |
|---|---|---|---|
| १ | भगवती आधारभूत विद्यालय , रुदी | १ | २०१००० |
| २ | भैरवनाथ आधारभूत विद्यालय , जुकोट | ३ | ४२००० |
| ३ | भैरवनाथ माध्यमिक विद्यालय | ५ | २६१००० |
| ४ | विन्द्राशैनी आधारभूत विद्यालय , जुकोट | २ | १६२००० |
| ५ | चाखुडेथला आधारभूत विद्यालय , जोरु | ३ | १६२६०० |
| ६ | गंगादेवी आधारभूत विद्यालय | २ | १०८००० |
| ७ | हिमचुली आधारभूत विद्यालय | ५ | २२८००० |
| ८ | कालीका आधारभूत विद्यालय , डिम्मरपानी | २ | १२९००० |
| ९ | कालीका आधारभूत विद्यालय , फैता | ४ | २२८००० |
| १० | कर्णाली आधारभूत विद्यालय | ४ | ८१००० |
| ११ | कोटेढुंगा आधारभूत विद्यालय , बाहुनी | १ | १०२००० |
| १२ | कुलादेवी माध्यमिक विद्यालय , बर्कु | १ | ४३८००० |
| १३ | मण्डली आधारभूत विद्यालय , मुक्तीकोट | १ | १६८००० |
| १४ | मण्डली आधारभूत विद्यालय , खोलीकोट | १ | १७४००० |
| १५ | मष्टेश्वरी बालबिकास केन्द्र , भौनै | ४ | २१००० |
| १६ | पुगेली आधारभूत विद्यालय , पुडेनी | २ | ८१००० |
| १७ | राघुमाता माध्यमिक विद्यालय , कोल्पाटा | २ | ३१२००० |
| १८ | रुपाली आधारभूत विद्यालय , मझपाटा | १ | २४६००० |
| १९ | रुपाली आधारभूत विद्यालय , सुपना | २ | १०२००० |
| २० | सत्यसाई आधारभूत विद्यालय | १ | ४२००० |
| २१ | शम्भु सुनन्दा माध्यमिक विद्यालय , जुकोट | ३ | १४४००० |
| २२ | शम्भु सुनन्दा माध्यमिक विद्यालय , जुकु | ३ | २८२००० |
| २३ | सूर्योदय आधारभूत विद्यालय | ३ | १८३००० |
| २४ | स्वामी कार्तिक माध्यमिक विद्यालय , वाई | ४ | २२८००० |
| २५ | मष्टेश्वरी धवलपुरा बालविकास केन्द्र , जेरा | ५ | २७००० |
| जम्मा | | | ४१५२६०० |

| अनियमित भएको | ४१,५२,६०० |
|---|---|

५५.१९ (132-2082-03-16):

**विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्यत्र खर्च** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने तथा खर्च गर्दा रीत पुगे

नपुगेको यकिन गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। त्यस्तै शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानका विषयहरु उल्लेख छन्। पालिकाले उल्लेखित कार्यविधिमा तोकेका कार्य नगरी विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको रु. १,१७,६००।०० रकम सामुदायिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको बैठक भत्ता शिक्षा अधिकृत दयाराम जैशीलाई भुक्तानी गरेको छ। यसरी संघिय सशर्तको रकम नियम विपरित खर्च गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,१७,६०० |

५५.२० (191-2082-03-25):
**सामुदायिक बिकास केन्द्र (CDC) बाट खर्च** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने तथा खर्च गर्दा रीत पुगे नपुगेको यकिन गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। त्यस्तै शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) को खर्च गर्ने क्रियाकलाप उल्लेख छ र सोहि कार्यविधिकै क्रियाकलाप नं. २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणका लागि खर्च गर्ने उपक्रियाकलाप उल्लेख छन। पालिकाले उल्लेखित कार्यविधिमा तोकेका कार्य नगरी शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा शीर्षकको रु. १,००,०००।०० र शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण शीर्षकको रु. १,२२,२५०।०० समेत कूल रु. २,२२,२५०।०० रकम गैरसरकारी संस्था सामुदायिक विकास केन्द्र (CDC) का कर्मचारी गंगा राज गिरीबाट सोधभर्ना गरी गाउँ शिक्षा योजना निर्माणकालागी गोष्ठीमा खर्च गरेको छ। खर्चका विवरणमा दैनिक भ्रमणको रु. ८१,६२५।००, टाईपिङ तथा लेखन रु. ६६,०००।०० को सम्बन्धितलाई बुझाएको भरपाई प्रमाण पेश नभएकाले उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२२,२५० |

## ५६ स्वास्थ्य तर्फ

५६.१ **तलवी प्रतिवेदन** - स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्यकर्मी कर्मचारीको तलवी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च भुक्तानी गर्नु पर्दछ। पालिकाले यस वर्ष स्वास्थ्य तर्फका कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. १,३५,१८,०७३.६० तलव खर्च लेखिएको मध्ये ६ जना स्थायीको रु. ६७,५९,०७३।६० र करारकालाई रु. ६७,५९,०००।०० भुक्तानी भएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

५६.२ **दरबन्दी भन्दा बढी पदपूर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई आधारमा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाको स्वास्थ्य तर्फको दरबन्दी संरचना र पदपूर्ती अवस्था देहाएबोजिम रहेको छ। यसरी दुर्गम जिल्ला तथा पालिकामा दरबन्दी भन्दा न्यून जनशक्ति रहेको विद्यमान अवस्थामा यस पालिकामा दरबन्दी भन्दा २५ जना बढी कर्मचारीहरु कार्यरत रहेका छन। दरबन्दी भन्दा बढी कर्मचारीहरु कार्यरत हुनाले सशर्त अनुदानबाट कर्मचारीलाई पारिश्रमिक भुक्तानीमा समेत समस्या भएको देखिन्छ।

| पद/तह | दरबन्दि | पदपूर्ती | बढी पदपूर्ती |
|---|---|---|---|
| मेडिकल अधिकृत | ० | ० | ० |
| हे.अ./ज.स्वा.नी./सि.अ.हे.ब.(५/६/७) | ४ | ४ | ० |
| स्टाफ नर्स(५/६) | ३ | १ | ० |
| अ.न.मि./सि.अ.न.मी.(४/५/६) | ३ | १५ | १२ |
| अ.हे.ब./सि.अ.हे.ब.(४/५) | ३ | १६ | १३ |
| ल्या.अ./ल्या.टे.(४/५) | ३ | ३ | ० |
| जम्मा | १६ | ३९ | २५ |

५६.३ (103-2082-03-03):
**दरबन्दी भन्दा बढी करारका कर्मचारीलाई सशर्तबाट तलब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई आधारमा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाको स्वास्थ्य तर्फ ८ कर्मचारी स्थायी कर्मचारी रहेका छन भने करारमा १४ अनमी, १३ अहेव, ३ ल्याव टेक्निसियन, ११ कार्यालय सहयोगी र ६ जना स्विपर जम्मा ४७ जना करारका कर्मचारीलाई संघीय सशर्त चालुको स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता शीर्षकबाट यस वर्ष रु. ६२,३८,००० तलब भत्ता भुक्तानी गरेको छ। पालिकाले नियमानुसार तलब भत्ता भुक्तानी गर्नु पर्दछ।

५६.४ (104-2082-03-03):
**कृषीतर्फका करार कर्मचारीलाई तलब** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने तथा खर्च गर्दा रीत पुगे नपुगेको यकिन गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले संघीय सशर्त चालुको स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता शीर्षकबाट कृषि तर्फका ५ करार कर्मचारीलाई २०८१ चैत्र महिनाको तलब र पोषाक रु. १,६२,०००।०० र गाउँपालिका पंजिकरण तर्फका २ कर्मचारीको २०८१ साउन भदौ असोज र दशै भत्ता रु. २,७०,५२८।०० जम्मा रु. ४२१०००।०० तलब भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२१,००० |

५७ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू. १८ लाख ३३ हजार ७५० खर्च खर्च गरेको छ। कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित र मितव्यायी बनाउन आवश्यक कार्यविधि तयार गरी लागु गर्नुपर्दछ।

| क्र.स. | कन्टिन्जेन्सीको विवरण | खर्च रकम रु. |
|---|---|---|
| १ | दैनिक भ्रमण भत्ता | ८००००० |
| २ | मसलन्द | ३८६५७० |
| ३ | अन्य | ३४७००० |
| ४ | मर्मत | ३००००० |
| **जम्मा** | | **१८,३३,७५०** |

## ५८ पुँजिगत लाभकर

आयकर ऐन, २०५८ को दफा ९५(क) ५ र जग्गा तथा घरजग्गा नि: सर्गमा पूँजिगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो शंसोधन, २०७६) बमोजिम नि:सर्ग भएको गैर व्यवशायिक सम्पति ५ बर्ष वा सो भन्दा बढी भएमा ५ प्रतिशतको दरले र स्वामित्व ५ बर्ष भन्दा कम भएमा ७.५ प्रतिशतको दरले पूँजिगत लाभ कर सम्बन्धित जग्गा विक्रीकर्ताबाट असुल गर्नु पर्ने व्यवस्था छ। पालिकाले प्रशासनिक भवन निर्माणको लागि निम्नानुसार व्यक्तिहरुबाट जग्गा खरिद गर्दा सम्बन्धित जग्गा बिक्री कर्ताले भुक्तानी गर्नुपर्ने पुँजिगत लाभकर पालिकाले भुक्तानी गरेकोले सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्दछ। रू.

| क्र.सं. | जग्गा विक्री कर्ता | भुक्तानी भएको पुँजिगत लाभकर |
|---|---|---|
| १ | अर्जुन नाथ | ६५,६२५ |
| २ | मान बहादुर बुढा | ७१,६२५ |
| ३ | समुन्द्र बुढा | १,३५,३७५ |
| ४ | गोमे नाथ | ५६,७१० |
| **जम्मा** | | **३,२९,३३५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२९,३३५ |

## ५९ शीर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा स्वीकृत शीर्षकमा भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न बमोजिम कार्यक्रम तथा शीर्षकमा भएको बजेट फरक कार्यक्रममा खर्च गरेको छ। यसरी शीर्षक फरक पारि गरेको खर्च नियमसम्मत नभएको रु.

| क्र. स. | गो.भौ.नं. र मिति | बजेट खर्च शीर्षक | खर्च भएको शीर्षक | रकम |
|---|---|---|---|---|
| १. | ७२(२०८२।१।५) | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ७,५६,४७२ |
| **जम्मा** | | | | ७,५६,४७२।०० |

| | |
|---|---|
| अनियमित भएको | ७,५६,४७२ |

## ६० बिल भरपाई

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी मार्ग देवी/ओम शिव जे.भि. लाई निर्माण गरेको ठेक्का नं. SKKRM/NCB/WORKS/07/2080-81 जोरूगोठीगाउँ सडक निर्माण कार्य लागि बीमा वापत नापीमा जनाई पि.एस. आईटमबाट रु. २००,०००।०० भुक्तानी दिएको छ। पि.एस. आईटमबाट बीमा गरेको रु. ४६,२१८।०० विल श्रेस्तासाथ संलग्न देखिएकोले बाँकी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,७८२ |

६१ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा २६.९१ देखि ५३.३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा न्यून लागतमा कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। पालिकाले गत र यस वर्ष बन्दोबस्त गरेका ठेक्का विवरण निम्नानुसार रहेका छन।

| **क्र.सं.** | **ठेक्का नं.** | **योजनाको विवरण** | **बोलपत्रदाता** | **लागत अनुमान (मू अ कर बाहेक)** | **सम्झौता रकम** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | SKKRM/NCB/09/2077-78 | १० शैया अस्पताल भवन निर्माण | बंगलामुखी/मेनका जे.भि. | ९,९३,२७,६६५ | ५,५३,४०,६९३ | ४४.२८ |
| २ | SKKRM/NCB/WORKS/02/2081-82 | राघुमाता माविको भवन निर्माण | ओम शिव कन्स्ट्रक्सन एण्ड अर्डस | २,३०,५१,३७६ | १,६६,००,७६१ | २६.९१ |
| ३ | SKKRM/NCB/WORKS/03/2081-82 | मण्डाली आविको भवन निर्माण | डि. एन.एस कन्स्ट्रक्सन एण्ड अर्डस सप्लायर्स | १,२४,५०,१९८ | ८०,९१,३९६ | ३४.५२ |
| ४ | SKKRM/NCB/WORKS/04/2081-82 | स्वामीकार्तिक माविको भवन निर्माण | जेसिस कन्स्ट्रक्सन | १,२१,११,७७७ | ७३,२३,९६० | ३८.१३ |
| ५ | SKKRM/NCB/WORKS/06/2081-82 | कोसेली घर निर्माण | राताकोट निर्माण सेवा | २०,८७,३०५ | १०,४२,८०२ | ४९.३० |
| ६ | SKKRM/NCB/WORKS/07/2081-82 | कृषि संकलन केन्द्रको भवन निर्माण | पूर्ण निर्माण सेवा | ४,७५,९७,२८४ | २,७४,४३,८२७ | ४२.०२९ |
| ७ | SKKRM/NCB/WORKS/07/2080-81 | जोरू गोठीगाउँ सडक निर्माण वडा नं. १ | मार्गदेवी/ओमशिव जे.भि. | २,५६,१७,०२७ | १,६७,५४,४५४ | ३४.६ |
| ८ | SKKRM/NCB/WORKS/05/2081-82 | सुइजिउला देखि जुकोट सम्म सडक स्तरोन्नती | चन्द्रनाथ निर्माण सेवा एण्ड अर्डस सप्लायर्स | ८४,८०,६०५ | ४९,९७,०३९ | ४०.४८ |
| ९ | SKKRM/NCB/WORKS/04/2080-81 | मुक्तिकोट वृहत खानेपानी योजना | दियो एण्ड लक्ष्मी कन्स्ट्रक्सन प्रालि | १,१७,३३,०३१ | ५४,४१,९०९ | ५३.३८ |

६२ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका रू. २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको व्यवस्था कार्यान्वियन गर्नु पर्दछ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | **लागत अनुमान (मू अ कर बाहेक)** |
|---|---|---|---|
| १ | मण्डाली आविको भवन निर्माण | डि. एन.एस कन्स्ट्रक्सन एण्ड अर्डस सप्लायर्स | १,२४,५०,१९८ |
| २ | स्वामीकार्तिक माविको भवन निर्माण | जेसिस कन्स्ट्रक्सन | १,२१,११,७७७ |
| ३ | कोसेली घर निर्माण | राताकोट निर्माण सेवा | २०,८७,३०५ |
| ४ | मुक्तिकोट वृहत खानेपानी योजना | दियो एण्ड लक्ष्मी कन्स्ट्रक्सन प्रालि | १,१७,३३,०३१ |

६३ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा सोहि अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायअनुसारका परामर्श सेवा खरिद गरी रु. ३५ लाख ७३ हजार २८८ खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने, मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा स्वीकृत बजेट कै आधारमा लागत अनुमान तयार गरी लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता हुनु पर्दछ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम** | **अध्ययनबाट निर्धारित आयोजनाको कूल लागत** |
|---|---|---|---|
| मध्यमकालिन खर्च संरचना | मनोकामना इनोभेसन प्रालि | ५,९९,४६७ | |
| प्रशासकिय भवनको डिपिआर निर्माण | इगल सोलुसन प्रालि | ९,८७,६२० | १२,०५,७३,००५।०० |
| जिपलाइनको डिपिआर निर्माण | पि. एण्ड पि. कन्स्ट्रक्सन सप्लायर्स एण्ड रिसर्च सिभिल सेन्टर प्रा.लि. | १९,८६,२०१ | १,५८,२८,५१८।०० |
| **जम्मा** | | **३५,७३,२८८** | **१३,६४,०१,५२३।००** |

६४ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ९५ मा कार्यालयले खरिद गरेको वा कुनै तरिकाले कार्यालयमा प्राप्त भएको जिन्सी सामाग्रीको विवरण र मूल्य खुलाई जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खरिद गरेका निम्नानुसार परामर्श सेवाको अध्ययन प्रतिवेदन पालिकाको जिन्सी अभिलेख (PAMS) मा दाखिला गरेको नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ.नं. र मिति | परामर्शदाता | कार्य विविरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १६५(२०८२।३।१९) | मनोकामना इनोभेसन प्रालि | मध्यमकालिन खर्च संरचना | ५,९९,४६७ |
| २ | १६५(२०८२।३।१९) | इगल सोलुसन प्रालि | प्रशासकिय भवनको डिपिआर निर्माण | ९,८७,६२० |
| ३ | ४५(२०८२।३।२४)– प्रदेश पूँजिगत | पि. एण्ड पि. कन्स्ट्रक्सन सप्लायर्स एण्ड रिसर्च सिभिल सेन्टर प्रा.लि. | जिपलाइनको डिपिआर निर्माण | १९,८६,२०१ |
| जम्मा | | | | ३५,७३,२८८ |
| | | | प्रमाण पेश नगरेको | ३५,७३,२८८ |

६५ **अस्पताल भवन निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। त्यसैगरी यसै नियममा पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्ने अधिकतम समय अवधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने व्यवस्था छ। एकिकृत स्वास्थ्य पूर्वाधार (आधारभूत १० शैया) अस्पताल भवन निर्माण कार्यको लागि (ठेक्का नं. SKKRM/NCB/09/2077-078) रू. ६,३३,९४,३५९।०० (मू अ कर बाहेक) बंगलामुखी/मेनका जे.भि. बगनाहा बर्दिया र पालिका विच २०८१।३।३ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको छ। पालिकाले पेश गरेको विवरण अनुसार मिति २०८३।३।२० भित्र कार्यसम्पन्न गर्ने गरी दोस्रो पटक म्याद थप भएकोमा लेखापरीक्षणको अवधिसम्म रू. १ करोड ७१ लाख ५७ हजार २६९ भुक्तानी भई वित्तीय प्रगति २७.०६ प्रतिशत र भौतिक प्रगति ६५.४ प्रतिशत मात्र भएको देखिन्छ। थपिएको अवधि व्यतित हुने समय नजिकिदा समेत थप भौतिक तथा वित्तीय प्रगति हासिल भएको देखिदैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने व्यवस्था छ। साथै पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्ने र पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्ने व्यवस्था छ। सोही दफाको उपदफा ६ मा पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा(१) बमोजिम लिएको अग्रीम बैङ्क जमानत जफत हुने व्यवस्था छ। निर्माण व्यवसायी श्री बंगलामुखी/मेनका जे.भि.लाई सम्झौता पश्चात भुक्तानी भई रु. ६३ लाख ३९ हजार पेश्की बाँकी रहेको देखिन्छ। दुई पटक सम्झौताको म्याद थप हुँदा समेत २७.०६ प्रतिशत मात्र वित्तीय प्रगति भएको अवस्था स्वभाविक देखिदैन। तोकिएको कार्य सम्झौता अनुसारको म्याद भित्र सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६६ **जग्गा खरिद**

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं (स्थानीय तह समन्वय शाखा) मिति २०८१।१०।२१ चलानी नं. २६२ को पत्रानुसार जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क) बमोजिम निजी जग्गा प्राप्तिको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्ने सम्वन्धमा निशुल्क जग्गा प्राप्तिको लागि गाउँ/नगरपालिकाबाट जारी गरिएको सूचनाको प्रति, तोकिएको समयमा निशुल्क जग्गा प्राप्ति हुन नसकेमा स-शुल्क जग्गा उपलव्ध गराउने सूचनाको प्रति, स-शुल्क जग्गा दिन मन्जुर व्यक्तिको आवेदन र मज्जुरीनामा, प्राप्ति गर्ने जग्गा धनी प्रमाणपत्र र सम्बन्धित जिल्लाको नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा, जग्गा प्राप्तिको लागि गाउँ/नगर सभाबाट वार्षिक वजेटमा रकम विनियोजन सुनिश्चितता गरिएको कागजात, परियोजनाको संक्षिप्त विवरण, जग्गाको क्षेत्रफल किटान गरी जग्गा प्राप्ति गर्ने सम्वन्धी गाउँ/नगर कार्यपालिकाको निर्णय र नेपाल सरकारको स्वीकृतिको प्रकृयाको लागि मन्त्रालयलाई अनुरोध गरिएको पत्र सम्वन्धित गाउँ/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सक्कल फाईल तयार गरी मन्त्रालयको पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरि राघुमाता मा.वि. साप्पाटाको लागि रू. ११,७६,७९८।००, पालिकाको प्रशासकिय भवन निर्माणको लागि रू. १८,६३,५५७।०० र खरिद प्रकृयामा रू. १०,६३,६७३।०० गरी जम्मा रू. ४० लाख ४ हजार २८ को जग्गा विभिन्न व्यक्तिहरुबाट खरिद गरेको छ। पालिकाले जग्गा प्राप्ति सम्बन्धि व्यवस्थाको पालना गरी जग्गा खरिद गर्नुपर्दछ।

६७ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६८ **उपभोक्ता समिति मार्फत कार्य**

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै

उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउनेउल्लेख छ। पालिकाले २० प्रतिशत उपभोक्ता समितिको लागत सहभागिता रहने गरी योजनाको सम्झौता तथा भुक्तानी गरेको छ। पालिकाले नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

६९ **रकमको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रू. २० हजार भन्दा बढीको खरिद गर्नु पर्दा मु अ कर मा दर्ता भएको र सो भन्दा कमको हकमा स्थायी लेखा नम्बर प्राप्त व्यक्ति फर्म संस्था वा कम्पनिहरुबाट मात्र खरिद हुने व्यवस्था गरिएको छ। सार्वजनिक निकायको परिभाषामा सरकारको अनुदान वा ऋणबाट संचालित संस्था समेतलाई जनाएको अवस्थामा पालिकाको बजेट कार्यान्वयन गर्ने तथा अनुदान बाट संचालित उपभोक्ता समितिहरु समेत सार्वजनिक निकाय हुने भएकोले उल्लिखित दुबै नियमावली उपभोक्ता समितिलाई समेत लागु हुने देखिन्छ। यो वर्ष पालिकालाई उपभोक्ता समितिहरुले पेश गरेका खर्चका प्रमाण परीक्षण गर्दा व्यावसायिक रुपमा संचालनमा रहेका डोजर/टिप्पर धनिहरुले स्थायी लेखा नम्बर समेत नलिएको र विल विजक समेत जारी नगरी भरपाई मात्रै गर्ने गरेको देखिन्छ। जसले गर्दा उक्त भरपाईलाई खर्चको यथार्थ प्रमाणको रुपमा ग्रहण गर्न कानूनी अस्पष्टता रहेको देखिन्छ। तसर्थ व्यावसायिक कारोवार गर्ने उद्देश्यले खरिद गरी सोही अनुसार प्रयोग गर्ने डोजर तथा टिप्पर व्यवसायीलाई विधिवत रुपमा दर्ता गराई कारोवार गर्न पालिकाले भुमिका खेल्नु पर्दछ।

७० **वडा कार्यालयको भवन उपभोक्ता समिति मार्फत निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा नं. २ को वडा कार्यालयको दोस्रो तला निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रू. ७,६०,०००।०० खर्च लेखेको छ। उपभोक्ता समिति मार्फत लाभ प्राप्त गर्ने र दिगोपना आउने योजना सञ्चालन गर्नुपर्नेमा हस्तान्तरण नहुने र पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गरी सार्वजनिक निर्माणका कार्य गर्नुपर्दछ।

७१ **जिपलाईन निर्माणको तयारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष दिउला खोलिकुना पादुका कर्णाली नदिमा जिपलाईन निर्माणको विस्तृत परियोजना अध्ययन तयारीको लागि बजेट विनियोजन गरी पि.एण्ड पि.कन्स्ट्रक्सन सप्लायर्स एण्ड रिसर्च सिभिल सेन्टर प्रा.लि. मार्फत विस्तृत परियोजना अध्ययन (डि.पि.आर.) तयार गरी रू. १९,८६,२०१।०० खर्च लेखेको छ। अध्ययन प्रतिवेदन अनुसार परियोजनाको लागत रू. १ करोड ५८ लाख २८ हजार निर्धारण गरिएको देखिन्छ। दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट विनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा पर्यटकिय सम्भावना समेत नरहेको यस क्षेत्रमा जिपलाईन निर्माण कार्यको लागि बजेट खर्च भएको छ। पालिकाले दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट विनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्दछ।

७२ **योजना तर्जुमा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालित तपशिलका योजनाको रकम भुक्तानी दिन बाँकी रहेको देखिन्छ। यसरी स्रोतको सुनिश्चितता विना दायित्व सृजना हुने गरी आयोजना तथा कार्यक्रममा रकम विनियोजन तथा दायित्व सृजना गर्ने कार्यले पालिकाले बजेट अनुशासन पालना गरेको देखिदैन। बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ।

| क्र.सं. | योजनाको नाम | हालसम्मको विल रकम | पेश्की बाहेकको भुक्तानी | पेश्की कटाई भुक्तानी दिन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | राघुमाता माविको भवन निर्माण | १,००,१४,९९१ | ३४,००,००० | ३४,१४,९९१ | प्रदेश समपूरक योजनाक |
| २ | मण्डाली आविको भवन निर्माण | ७४,५१,०९६ | २४,५०,००० | ३५,०१,०९६ | प्रदेश समपूरक योजना |
| ३ | स्वामीकार्तिक माविको भवन निर्माण | ७५,४३,६७७ | ३९,००,००० | ३६,४३,६७७ | प्रदेश समपूरक योजना |

७३ **पशुपंक्षीको औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने पशु औषधि खरिद गर्नुपूर्व तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी तथा वार्षिक आवश्यकताको परिणामको विवरण तयार गरी आपूर्ति तथा वितरणको व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण लगायतका विवरण उल्लेख रहेको हुनुपर्दछ। यस वर्ष पालिकाले गो.भौ.नं. ३४४/२०८२।०१।०५ बाट रू. ८ लाख को पशुपंक्षिको औषधी खरिद गरेको छ। आपूर्तिकर्ताबाट औषधी वा अन्य सामानको Manufacture Date, Expiry Date, Batch no, Manufacture Company को नाम र सरकारबाट निःशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन। औषधीहरुको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन। पालिकाले खरिद गरेका पशुपंक्षी औषधि भण्डार दाखिला गर्नुभन्दा पहिले अनिवार्य रुपमा Inspection गरी Inspection report बनाउनुपर्नेमा सो नगरी भण्डार दाखिला गरेको पाइयो। अतः पालिकाले खरिद गरेको पशुपंक्षी औषधीको म्याद चेक जाँच गरी भण्डारण एवं दाखिला गरी वितरणको व्यवस्था गर्नुपर्दछ। साथै पालिकाले पशुपंक्षी औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

७४ **शिवरात्री मेला धार्मिक महोत्सव खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्पष्ट मापदण्ड तथा कार्यविधि बेगर पालिकाभित्र मेला महोत्सव (शिवरात्री मेला धार्मिक महोत्सव) आयोजना गरी गो.भौ.नं. ३५६/२०८२।०१।१६ बाट भारतदेखि धर्मगुरु ल्याएर उहाँहरुको खाना, बास, आतेजाते र मेला व्यवस्थापनमा गरी जम्मा रू. ५ लाख ८४ हजार खर्च लेखेको छ। उद्वेश्य अनुसार खर्च गरेको सुनिश्चित हुने प्रमाण कागजात समेत पेश नगरेको साथै निश्चित मापदण्ड र कार्यविधि बेगर महोत्सव सञ्चालन वापत भुक्तानी दिने कार्यबाट सार्वजनिक कोषको प्रयोगमा मितव्ययिता र औचित्यता कायम भएको एकिन हुन सकिदैंन। मेला महोत्सव सञ्चालन गरेकोमा मनोरन्ज कर लगाइ राजस्व संकलन गर्नुपर्नेमा सो नगरी अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्य मनासिब देखिदैंन। अत: पालिकाको आन्तरिक स्रोत अत्यन्तै न्यून भएको अवस्थामा यस्ता खालका फजुल खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

७५ **शोधभर्ना**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ को नियम ४ मा नेपाल सरकारले तोकेको मासिक रु. ५ हजारका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्नेछ भन्ने व्यवस्था छ, साथै सोही कार्यविधिको दफा ५ मा मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट अनुसूची - ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा अर्धवार्षिक रुपमा शोधभर्ना गर्नेछ भन्ने व्यवस्था छ। पालिकाले यस बर्ष गो.भौ.नं.४७५/२०८२।०३।३० बाट ५ जनालाई बार्षिक जम्मा रु. ३ लाख औषधी उपचार खर्च भुक्तानी गरेको छ। उक्त रकम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट शोधभर्ना लिनुपर्नेमा लिएको नदेखिएकोले समयमै शोधभर्ना लिनुपर्दछ।

| |
|---|
| सोधभर्ना नलिएको |

७६ **असम्बन्धितलाई भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिन सकिने व्यवस्था छ। सरकारी कामको लागि आवश्यक सामान लगायत अन्य खरिद कार्य कर्मचारी वा व्यक्तिले व्यक्तिगत श्रोतबाट खर्च गरी कार्यालयमा सोधभर्ना माग गर्ने र भुक्तानी दिने कानूनी व्यवस्था रहेको छैन। पालिकाले यस आर्थिक वर्षमा केहि खरिदका भुक्तानीहरु असम्बन्धित व्यक्तिको खातामा दिएको देखिन्छ। त्यस्तो भुक्तानीमा सम्बन्धित फर्म वा व्यक्तिलाई रकम बुझाएको भर्पाइ पेश गरेको पाइएन। केही उदाहरणहरु यस प्रकार छन। यस्ता खर्चमा नियन्त्रण गरी सम्बन्धित फर्म वा व्यक्तिको खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| **गो.भौ.न.** | **कर्मचारीको नाम** | **विवरण** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| ६२/२०८१।०६।२१ | दिवस भण्डारी | वडा कार्यालयको मसलन्ध तथा अनुगमन लगायतको खर्च | १५७८००० |
| ११४/२०८१।०८।२८ | नन्दलाल धामी | वडा कार्यालयको खर्च | १३१६८० |
| १८७/२०८१।०९।२८ | राजनराज रेग्मी | सामान खरिद | १३६०४० |
| ३४८/२०८२।०२।०५ | विवेकराज गिरी | कार्यालय सामाग्री खरिद | ६२४८८९ |

७७ **सामाजिक सुरक्षा तर्फ**

७७.१ **सामाजिक सुरक्षा भत्ता वितरण** - पालिका अन्तर्गतका जम्मा ५ वडाहरुमा त्रैमासिकमा रूपमा जम्मा रू. ६,०४,०२,१४०।०० सामाजिक सुरक्षा भत्ता वितरण भएको छ।

| **वडामा भएको खर्च** | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **जम्मा खर्च** |
|---|---|---|---|---|---|
| **वडा नं १** | ३८३०१५४ | ३८६३१८९ | ३९००९०६ | ३८६८६५४ | **१५४६२९०३** |
| **वडा नं २** | २८६८०५६ | २९०२७७८ | २९१०३०९ | २९०५३११ | **११५८६४५४** |
| **वडा नं ३** | ४०४४४७४ | ४०६३८७० | ४०३३५६२ | ४०७०५३५ | **१६२१२४४१** |
| **वडा नं ४** | २७००१५३ | २६९०२०० | २६८०९४६ | २६८८७८२ | **१०७६००८१** |
| **वडा नं ५** | १६१६७४७ | १६१७६०७ | १५७८८६५ | १५६७०४२ | **६३८०२६१** |
| **जम्मा** | **१५०५९५८४** | **१५१३७६४४** | **१५१०४५८८** | **१५१००३२४** | **६०४०२१४०** |

७७.२ **वर्गगत सामाजिक सुरक्षा विवरण** - पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत हिमालय बैंक लि.बाट रू. ६०४०२१४० वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत लाभग्राहिको संख्यात्मक विवरण निम्नानुसार छ।

| सामाजिक सुरक्षा भत्तापाउने समुह | त्रैमासिक लाभग्राही सङ्ख्या | | | |
|---|---|---|---|---|
| | प्रथप | दोस्रो | तेस्रो | चौथो |
| अन्य जेष्ठ नागरिक भत्ता | ७३४ | ७४१ | ७४४ | ७४९ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १३६ | १३४ | १३४ | १३० |
| जेष्ठ नागरिक एकल महिला | ६० | ५८ | ५७ | ५० |
| विधवा | १३६ | १३९ | १४३ | १४६ |
| पूर्ण अपाङ्गता भत्ता | २८ | २८ | २८ | २८ |
| अति अशक्त अपाङ्गता भत्ता | ६० | ६० | ६० | ५९ |
| क्षेत्र तोकिएका बालबालिका | १३३८ | १३४४ | १३३५ | १३१७ |
| दलित बालबालिका | ५८८ | ५९१ | ५९० | ५७९ |
| **जम्मा** | **३०८०** | **३०९५** | **३०९१** | **३०५८** |

७७.३ **मृतकको खातामा बढी भत्ता निकासा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(२ र ४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। नमुना परीक्षणको क्रममा पालिकाले निम्न मृत्यु भइसकेका लाभग्राहीहरुको समयमा लगत कट्टा गरि मृत्यु भएको मिति सम्मको मात्र भत्ता निकासा दिनुपर्नेमा बढी दिनको सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ। यस सम्बन्धमा पालिकाले अन्य वडाको समेत यकिन गरी लाभग्राहिको मृत्यु भएको दिन भन्दा बढी निकासा भएको सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा फिर्ता गर्नु पर्दछ। रू.

| क्र.सं. | नाम थर | लाभग्राही किसिम | वाडा नं. | परिचय पत्र नम्वर | मृत्यु मिति | निकासा त्रैमासिक | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| १. | जयनन्दा महतारा | जेष्ठ ना. अन्य | ५ | १९८७०५०६००३१८ | २०८१-०१-१० | दोस्रो सम्म | २६६६७ |
| २. | राइकोसा कटेज | जेष्ठ ना. अन्य | ३ | २००११२३१२७९८३ | २०८१-०८-२८ | दोस्रो सम्म | ४२६७ |
| ३. | झाला सिंह | जेष्ठ ना. अन्य | ५ | २००३०४०३००४९५ | २०८१-०७-१८ | दोस्रो सम्म | ९६०० |
| ४. | पृमा बम | जेष्ठ ना. अन्य | १ | १९९८०५०७००८१८ | २०८१-१२-२९ | चौथो सम्म | १२२५८ |
| ५. | देउकी कामी | जेष्ठ ना. अन्य | १ | २००५०९२५००२३७ | २०८२-०१-१० | चौथो सम्म | १०७१० |
| ६. | किट्टि महतारा | जेष्ठ ना. अन्य | ५ | २००९०५०३००७८८ | २०८१-०६-०४ | पहिलो सम्म | ३४६७ |
| ७. | झुपु रावल | जेष्ठ ना. अन्य | १ | २००७०११९००२९३ | २०८१-१०-०५ | तेस्रो सम्म | ११३३३ |
| ८. | गौकी रोकाया | जेष्ठ ना. अन्य | १ | २००९०३०९०१३९३ | २०८१-०९-१९ | चौथो सम्म | २५३७९ |
| ९. | हंसकला रोकाया | जेष्ठ ना. अन्य | १ | १९८८१००१००४३२ | २०८२-०२-११ | चौथो सम्म | ६५८१ |
| १०. | भरु बम | जेष्ठ ना. अन्य | १ | १९८९०६०३००१९४ | २०८२-०३-०९ | चौथो सम्म | २८७५ |
| ११. | मिम रोकाया | जेष्ठ ना. अन्य | १ | २००३०१०३०४७१७ | २०८२-०२-३० | चौथो सम्म | ४१२९ |
| १२. | देवजंग शाही | जेष्ठ ना. अन्य | ५ | २००१०८०५०१६५९ | २०८१-१०-२६ | तेस्रो सम्म | ८५३३ |
| १३. | लाल धामी | अति अशक्त अपाङ्ग | १ | २००९०१०३०१५७९ | २०८२-०१-२० | चौथो सम्म | ५०११ |
| १४. | बिर्भान कार्की | अति अशक्त अपाङ्ग | १ | २०४००४०५००१९५ | २०८२-०२-२० | चौथो सम्म | २८८३ |
| **जम्मा रू** | | | | | | | **१३३६९३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३३,६९३ |

७७.४ **लाभग्राहिको अभिलेख अद्यावधिक** - सामाजिक सुरक्षा कार्यविधिको दफा २६ को उपदफा ३ बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची - ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको सम्बन्धमा स्थानीय तहले आवश्यक यकिन गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सो गरेको देखिएन। पालिकाले कार्यविधिको अनुसूची - ११ बमोजिमको ढाँचामा विवरण माग गरी विवरण अद्यावधिक गर्नपर्दछ।

७८ **पोषण कार्यक्रम**

७८.१ **पोषण सुधार कार्यक्रमको अनुगमन** - बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१ को बुँदा नं. १७ मा कार्यक्रम कार्यान्वियनको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम स्थानिय तहबाट हुने, लाभान्वित समुहका सदस्यहरुले प्राप्त गरेको अनुदानबाट आयआर्जन र पोषण सुधारका क्रियाकलापको अनुगमन गरी त्रैमाषिक रुपमा प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ। पोषण सुधार कार्यक्रममा यस वर्ष संघीय शसर्त चालुतर्फ २८ वटा कार्यक्रममा रु. रु. १,२०,००,०००।00 विनियोजन भएकोमा २६ वटा कार्यक्रम सम्पन्न गरी रु. १,१९,२१,७७२.०० खर्च गरेको छ। कर्मचारीबाट पेश्की मार्फत खर्च गरेको छ भने कार्यक्रम गर्नु पूर्व सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम कार्यक्रम तथा मालसामानको लागत अनुमान तयार गरी स्विकृत गरेको देखिएन। सम्पन्न भएका कार्यक्रमको कार्यविधि वमोजिम उपलब्धी भए नभएको सुनिश्चित हुन अनुगमन हुनुपर्दछ।

७८.२ **आमा समुहका बिपन्न गरिब पछाडी परेका र दलित घर परिवारलाई कुखुरा बितरण कार्यक्रम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा

खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ। त्यस्तै नियम ८५ मा रु. १० लाख सम्को वस्तु सामग्री तथा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। पलिकाले आमा समुहका बिपन्न गरिब पछाडी परेका र दलित घर परिवारलाई कुखुरा बितरण कार्यक्रममा मोर्डन एग्रो सोलुसन, नेपालगञ्जबाट ३६०० केजी कुखुराको दाना रु, ७,०२,०००।०० सोझै खरिद र किसान एग्रो मल्टप्रपोज, बाँकेबाट सोझै खरिद रु. ४६८०००।०० को भ्यक्सिन, र किसान एग्रो मल्टप्रपोज, बाँकेबाटनै ३६०० वटा कुखुराका चल्ला रु. १९,९६,२००।०० सोझै खरिद तथा अन्य ढुवानी खर्च सहित कूल रु. ३२६६२००।०० खर्च गरेको छ। खरिद विलमा खरिद भएको कुखुराको जात खुलाएको छैन। खरिद भएको भ्याक्सिन प्रयोगको विवरण छैन। खरिद भएको ४ कुखुराको चल्ला र ४ केजी कुखुराको दाना प्रतिव्यक्तीका दरले ९०२ जनालाई वितरण भएको पालिकाले जनाएको छ। यसरी खरिद नियमावली विपरित खरिद गर्ने कार्य नगरी प्रतिस्पर्धि विधिबाट खरिद गरी खरिद भएका सामाग्री तथा वस्तु तोकेको गुणस्तर अनुसार भएको सुनिश्चित हुनुपर्दछ।

७८.३ (76-2082-02-07):

**सुनौला हजार दिनका आमाहरुलाई पोषिलो खाना वितरण कार्यक्रम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ। सुनौला हजार दिनका आमाहरुलाई पोषिलो खाना वितरण कार्यक्रमका लागि कर्मचारी पोषण सहायक बिर बहादुर कटेललाई पेश्की दिई खर्च गरी स्पेसल खिर ३०१२ केजी, मिक्स खिचढी १५०६ केजि, स्विट ग्यानुलर १५०६ केजि सामाग्री नेपाल स्वास्थ्य फुड ईन्डस्ट्रिज प्रालि, मोरङबाट खरिद रु. २४,९९,९१५ को भएको छ भने अण्डा २२९२ क्यारेट धर्मेन्द्र ट्रेडर्स एण्ड सप्लायर्स नेपालगञ्जबाट रु. १०,६५,७८०।०० गरी कूल रु. ३५,६५,७४०।०० को पोषण खाद्यान्न सोझै खरिद भएको छ। यसरी खरिद भएको सामाग्री वितरण भएको भरपाई रहेको छ। खरिद भएका समाग्री ढुवानी तथा दैनिक भ्रमण खर्च थप रु. ३,२४,२६०।०० गरी यस कार्यक्रममा कूल रु. ३८,८९,०००।०० खर्च भुक्तानी गरेको देखियो। कार्यक्रमको प्रभावकारीता सम्बन्धमा अनुगमन हुनुपर्दछ।

७८.४ (172-2082-03-23):

**सुनौला हजारदिन कार्यक्रम** - बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को बुदा नं. ७ मा नियमित कार्यक्रम कार्यान्वयन कार्यविधि (ण) मा लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चित अनुदान दिने कार्यालयले गर्नुपर्ने व्यवस्था छ। सुनौला हजारदिनका विपन्न महिलाको आय आर्जन र पोषण सुधार क्रियाकलापका लागी कार्यालयले कालिका समुहका २५ जनालाई प्रतिव्यक्ती रु.२५००० का दरले रु. ६२५०००।०० नगद भुक्तानी गरेकमा उक्त अनुदानको समुचित उपयोग गरेको सम्बन्धमा अनुगमन गरी सुनिश्चित हुनुपर्दछ।

## ७९ लघु उद्यम

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को तालिका नं. १ मा उद्यमी सिर्जना तथा स्तोरन्नतिका लागि बजेट तर्जुमाको दायरा उल्लेख गरेको छ। पालिकाले यो वर्ष यस कार्यक्रमको लागि निम्नानुसार रू. १७,७५,०००।०० खर्च गरेको देखिएकोमा निर्देशिकाले तोकेबमोजिमको बजेटअनुसार खर्च गरेको छैन। उक्त तालिमबाट उद्यमीमा परेको प्रभावको मूल्यङ्कन गरिएको छैन। उल्लिखित कार्यक्रम प्रभावकारिता मूल्याङ्कन हुनुपर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | खर्च रु. |
|---|---|---|
| १ | अति गरिबकालागि सुविधाकेन्द्रको स्थापना | ४७५००० |
| २ | समुहमा प्रविधि हस्तान्तरण (पेश्की) | १४०००० |
| ३ | सिलाई कटाई तथा आरन तालिम | ५९३६८९ |
| ४ | उद्यमशीलता विकास तालिम | ११८८९९ |
| ५ | उद्यम विकास सहजकर्ता परिचालन तलब तथा भत्ता तथा अन्य | ४४७४१२ |
| | जम्मा | १७७५००० |

८० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

८०.१ **रोजगारी सृजना कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत २१ वटा सामुदायिक विद्यालयमा २१ वटा दिवा खाजा घर र वडा नं ५ मा खाङ्ग्रे सिचाई कुलो निर्माण कार्य IDS Nepal ले सिमेण्ट सरिया, पालिकाबाट काठ र बालुवा ढुंगा र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रमिक ज्याला दिने साझेदारी सम्झौता गरी ९२ जनालाई औसत १०० दिनले १०० दिन रोजगारी उपलव्ध गराई रु. ७०,८४,१४४।०० श्रमिक ज्याला तथा बालुवा खरिदमा खर्च गरेको छ। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८०.२ (190-2082-05-25):
**कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम** - युवा रोजगारीकालागी रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ७४ को परिच्छेद ५ बमोजिम ५० दिनको सीप तथा क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम र बाँकी पचास दिन बुँदा नं. २३ बमोजिमको रोजगार आयोजनामा खटाई रोजगारी उपलब्ध गराउनु पर्नेछ साथै ४० जना भन्दा बढीलाई रोजगारी सृजना अन्तर्गत बजेट प्राप्त भएका स्थानिय तहले थप सूचिकृत बेरोजगारलाई बुँदा नं. २३ बमोजिमका रोजगार आयोजनामा खटाई १०० दिनको रोजगारी उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष यस परियोजना अन्तर्गत छनौट भएका योजनाको IDS Nepal ले सिमेण्ट सरिया, पालिकाबाट काठ र बालुवा ढुंगा र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रमिक ज्याला दिने साझेदारी सम्झौता बमोजिम बालुवा खरिद तथा ढुवानीकालागी उल्लेख गरी ठेकदार खम्बा महत्तरालाई सोझै रु. १०,००,०००।०० भुक्तानी गरेको छ। यसरी संघीय सशर्त बजेट खर्च गर्दा शर्तअनुसार खर्च नगरी अन्यत्र खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

८१ **दलहन पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। उक्त म्यानुअलकै परिच्छेद ७ तालिका नं. १४ मा कृषि उत्पादन सामाग्रीहरु (बिउ, बेर्ना, बिरुवा, माछा, भुरा पशु नश्ल लगायतमा) बढीमा ५० प्रतिशत सुविधा दिने उल्लेख छ। पालिकाले यो वर्ष दलहन पकेट विकास कार्यक्रममा कूल रु. ११,९८,२६०।०० खर्च गरेको

छ। उक्त खर्च मध्ये विषादी खरिद रु. ९९,०००।०० को खरिद, किसानलाई क्षमता अभिमुखिकरणमा रु. १,००,२६०।०० र देहायका कृषी फर्महरुलाई रु. ९,९९,०००।०० अनुदान दिएको छ। अनुदान कार्यक्रमको प्रगति तथा व्यवसायिक पकेट विकास भएको तथा अनुदानको सदुपयोग भए नभएको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। उल्लिखित कार्यविधि बमोजिम लागत सहभागिता समेत भएको देखिदैन। सञ्चालित कार्यक्रम तथा अनुदानको अनुगमन गरी अपेक्षित प्रतिफल प्राप्त भएको सुनिश्चतता गर्नुपर्दछ।

| क्र.सं. | कृषी फर्मको नाम | वडा नं. | लागत सहभागिता रकम रु. | | सहभागिता नपुग रु. |
|---|---|---|---|---|---|
| | | | पालिका | कृषि फर्म | |
| १ | शाही ऋषी कृषि तथा पशुपन्छी फर्म | ३ | १६६५०० | २८००० | ५५२५० |
| २ | आरोशी कृषि तथा पशुपन्छी फर्म | १ | १६६५०० | २८००० | ५५२५० |
| ३ | कार्तिक स्वामी एकिकृत कृषि तथा पशुपन्छी फर्म | ३ | १६६५०० | २८००० | ५५२५० |
| ४ | टिआर कृषि तथा पशुपन्छी फर्म | ३ | १६६५०० | २८००० | ५५२५० |
| ५ | दियान्शी कृषि तथा पशुपन्छी फर्म | १ | १६६५०० | २८००० | ५५२५० |
| ६ | डिआर कृषि तथा पशुपन्छी फर्म | ३ | १६६५०० | २८००० | ५५२५० |
| जम्मा | | | ९९९००० | १६८००० | ३३१५०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा , स्वामीकार्तिक खापर गाउँपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमर बहादुर रोकाया | २०७९-४-१ | २०८१-११-२९ |
| कार्यालय प्रमुख | दयाराम जैशी | २०८२-१०-०७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पारस बहादुर शाही | २०८१-१२-०१ | २०८२-०५-०८ |
| लेखा प्रमुख | खम्बीर बहादुर बुढा | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४७४,१७८ | १३,३९१,१९८ | ४,५२९,८०५.२३ | ० | ० | ६७८,५०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,०७३,६८१.२३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १९,०७३,६८१.२३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १३४४९२३०.८४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३९३१५८८३ | चालु खर्च | २५४६८५१०१ |
| प्रदेश सरकारबाट अनुदान | ३४७९९४२१ | पूँजीगत खर्च | ८५६२३४१७ |
| राजश्व बाँडफाँट | ६७१८३५५७.४३ | वित्तीय/अन्य व्यवस्था | ७८८६३२९१ |
| आन्तरिक आय | ३५७८२६८.० | | |
| अन्य आय | ६८००३४३८.३ | | |
| कुल आय | ४१२८८०५६७.७३ | कुल खर्च | ४१९१७१८०९ |
| बाँकी मौज्दात | | ७१५७९८९.५७ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।